# अध्याय : एक

# शोधको परिचय

## अध्ययनको पृष्ठभूमि

भाषाका सम्बन्धमा नयाँ कुराको खोजी गर्न भाषाको प्रयोग र उपलब्धिबारे व्याख्या, विश्लेषण गरी नवीन तथ्य पहिल्याउन गरिएको वैज्ञानिक तथा व्यवस्थित अन्वेषणलाई नै भाषिक अनुसन्धान भनिन्छ। भाषिक अनुसन्धानमा भाषा र भाषासँग सम्बन्धित तथ्यका बारेमा वैज्ञानिक अध्ययन र विश्लेषण गरिन्छ। भाषाका विविध क्षेत्रहरू, जस्तैः भाषा, भाषाको इतिहास र विकासक्रम, भाषिका, भाषा शिक्षण, पठनबोध, लेखनकला, बोधक्षमता, तहगत शब्दभण्डारको विकास, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यपुस्तकका नमुना अभ्यासहरू, विधा विश्लेषण, त्रुटि विश्लेषण, शिक्षण विधि र क्रियाकलाप, सङ्कथनात्मक विश्लेषण, व्यतिरेकी विश्लेषण, शैलीवैज्ञानिक विश्लेषण आदि रहेका हुन्छन्। माथिका विविध क्षेत्रमध्ये यो अध्ययन साहित्यिक कृतिको भाषिक अध्ययनमा केन्द्रित रहेको छ। प्रस्तुत शोध कार्यमा उपन्यासमा प्रयुक्त भाषिक पक्षको विविध कोणबाट अध्ययन विश्लेषण गर्ने कार्य सम्पन्न भएको। यस अध्ययनमा भक्ति शिवाकोटीद्वारा रचित *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ। शैलीविज्ञानकले साहित्यिक भाषाको माध्यमबाट कृतिको वस्तुपरक अध्ययन, अन्तरनिहीत कलाको सौन्दर्य तथा साहित्यिकता, संरचना, बनोट, बुनोट आदिको विश्लेषण गर्दछ। उपन्यासकार भक्ति शिवाकोटीद्वारा संरचित उपन्यास *सारस र सञ्जीवनी* २०६८ वनिता प्रकाशनद्वारा प्रकाशित पुस्तककार कृतिमा प्रयुक्त भाषा नै यस शैलीवैज्ञानिक विश्लेषणको पृष्ठभूमि मानिएको छ।

## समस्या कथन

समस्या कथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो। अनुसन्धान कार्यको सिलसिलामा जुन विषयवस्तुमा अनुसन्धान गर्ने प्रयास गरिन्छ त्यो नै समस्या हो। अथवा अनुसन्धान कार्यको सिलसिलामा समस्या भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नु पर्दछ।

प्रस्तुत शोधको समस्या उपन्यासकार भक्ति शिवाकोटीको *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु रहेको छ। नेपाली उपन्यासको फाँटमा नवप्रतिभाको रूपमा

उदीयान भक्ति शिवाकोटीद्वारा लिखित *सारस र सञ्जीवनी* ग्रीक सभ्यताको प्राचीन दर्शन, इतिहास, विज्ञान, आख्यान, साहित्य र नेपाली आख्यानको मिश्रण गरी लेखिएको हो। उपन्यास हो। यस उपन्यासको लेखन शैली, भाषिक प्रयोग, वाक्यगठन, रचना शिल्प, संरचना, विषयवस्तु आदिका आधारमा हालसम्म कुनै अध्ययन, विश्लेषण नभएको सन्दर्भमा उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस अध्ययनको प्रमुख समस्या रहेको छ। विशेषतः यो अध्ययन *सारस र सञ्जीवनी* उपन्यासको निम्न समस्यामा केन्द्रित रहेको छः

क) कथावस्तु र पात्रका आधारमा *सारस र सञ्जीवनी* उपन्यास के कस्तो छ ?

ख) चयनका आधारमा *सारस र सञ्जीवनी* उपन्यास के कस्तो छ ?

ग) विचलन र समानान्तरताका आधारमा *सारस र सञ्जीवनी* उपन्यास के कस्तो छ ?

## शोधकार्यको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्दा निश्चित उद्देश्यमा रहेर गरिन्छ। बिना उद्देश्य कुनै कार्य सम्पन्न हुन सक्दैन। त्यसैले कुनै विषयवस्तुमा केन्द्रित भएर गरिएको अध्ययन तथा अनुसन्धानमा पनि त्यस सम्बन्धी समस्याको पहिचान गरी उद्देश्य निर्धारण गर्नुपर्ने हुन्छ। उक्त *सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक विश्लेषण* शीर्षकको शोध पनि निम्न उद्देश्यमा केन्द्रित रहेको छ :

क) कथावस्तु र पात्रका आधारमा *सारस र सञ्जीवनी* उपन्यासको विश्लेषण गर्नु।

ख) चयन, विचलन र समानान्तरताका आधारमा *सारस र सञ्जीवनी* उपन्यासको विश्लेषण गर्नु।

## अध्ययनको महत्व र औचित्य

कुनै पनि साहित्यिक कृतिको वस्तुगत र भाषिक अध्ययनका लागि शैलीवैज्ञानिक अध्ययनको आवश्यकता पर्दछ। यसले साहित्यिक कृतिको भाषिक पक्षको भाषावैज्ञानिक अध्ययन विश्लेषण गर्दछ। शैलीविज्ञानले साहित्यिक भाषाको माध्यमबाट कृतिको वस्तुगत अध्ययन तथा मूल्याङ्कन गर्दछ। साहित्यिक कृतिको संरचना, बनोट, बुनोट आदिको विश्लेषणसँग सम्बन्धित भएकाले भाषाका माध्यमबाट कृतिमा अन्तरनिहित कला, सौन्दर्य तथा साहित्यिकताको समेत उद्घाटन गर्ने काम शैलीविज्ञानले गर्दछ। शैलीविज्ञानले कृतिमा

प्रयुक्त भाषाशैलीगत विशिष्टताको भाषातात्विक विश्लेषणसमेत गर्दछ। शैलीवैज्ञानिक ढङ्गले कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको खण्डमा बाह्य प्रभावका आधारमा मात्र रचनाको मूल्याङ्कन नगरी आन्तरिक तहसम्म पुगेर कृतिभित्रका कुराहरूलाई विश्लेषण गर्न सकिने हुनाले सङ्गठित व्यवस्थित र वस्तुगत अध्ययन विश्लेषणका लागि शैलीवैज्ञानिक अध्ययनको महत्व रहेको देखिन्छ। यस *सारस र सञ्जीवनी* उपन्यासको अहिलेसम्म शैलीवैज्ञानिक विश्लेषण कसैबाट पनि भएको पाइएको छैन। ऋषि नेपालद्वारा त्रि.वि. स्नातकोत्तर तहको पाठ्यांश प्रयोजनका लागि मेची बहुमखी क्याम्पसबाट *भक्ति सिवाकोटीको जीवनी, व्यक्तित्व र कृतित्व* नामक शोध कार्यमा यस *सारस र सञ्जीवनी* उपन्यासको बारेम यसको कृतित्व अन्तर्गत उपन्यासको सामान्य चर्चा बाहेक गहन अध्ययन तथा विश्लेषण हुनसकेको छैन। त्यसै गरी सुसेली पत्रिका वर्ष ११, अङ्क १० मा लक्ष्मी पौड्यालले *सारस र सञ्जीवनी एक चर्चा अन्तर्गत* सामन्य चर्चा गरिएको पाइन्छ। त्यसैले यस उपन्यासको वैज्ञानिक व्यक्तिगत र व्यवस्थित अध्ययन र विश्लेषणका लागि यसको शैलीवैज्ञानिक विश्लेषणा गर्नु महत्वपूर्ण आवश्यक देखिन्छ। यो शोध कार्यबाट यस उपन्यासमा प्रयुक्त शब्दभण्डारको अध्ययन, सङ्कथन विश्लेषण, वाक्य विश्लेषण गर्न अन्यशोधार्थीहरूलाई पनि मद्दत पुग्ने देखिन्छ। साथै यो शोधपत्र साहित्यप्रेमी, शिक्षक, पाठक, लेखक, समीक्षक आदिलाई पनि केही हदसम्म मद्दत पुग्ने तथा भावी अनुसन्धान कर्ताका लागि पनि पूर्वकार्यको समीक्षामा उपयोगी रहने देखिन्छ।

## अध्ययनका सीमा

कुनै पनि कृतिको अध्ययन विश्लेषण गर्दा शोधकर्ताले त्यस कृतिको कुन आधारलाई समाएर गर्ने हो, त्यसको निश्चित सीमा तोकिनु अत्यावश्यक हुन्छ। त्यसैले शोधको निश्चित क्षेत्र किटानका लागि पनि शोधकर्ताले आफ्नो अध्ययनको सीमा तोक्नुपर्ने भएकाले यस शोधकार्यमा पनि *सारस र सञ्जीवनी* उपन्यासको निम्न सीमा र परिसीमामा रहेर अध्ययन गरिएको छ :

क) तत्वगत आधारमा *सारस र सञ्जीवनी* उपन्यासको औपन्यासिक कथावस्तु र पात्रविधानको चर्चा गर्ने उद्देश्यमा मात्र यो अध्ययनलाई केन्द्रित गरिएको छ।

ख) शैलीविज्ञानका प्रमुख मान्यता (चयन, समानान्तरता, विचलन) का आधारमा यस *सारस र सञ्जीवनी* उपन्यासको अध्ययन विश्लेषण गरिएको छ।

## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा  र सैद्धान्तिक ढाँचा

### पूर्वकार्यको समीक्षा

नेपालमा व्यवस्थित र वैज्ञानिक रूपमा भाषिक अनुसन्धान वि.स. २०१६ सालमा त्रि.वि.को स्थापना पश्चात् भएको पाइन्छ। वि.स. २०३९ सालमा त्रि.वि.ले मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ गरेपछि साहित्यतर्फ प्रशस्त खोज अनुसन्धान भएका पाइन्छन्। वि.स. २०४१ सालदेखि त्रि.वि.ले शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण सुरु गरेपछि भाषा शिक्षणसम्बन्धी अनुसन्धानहरू हुँदै आएको पाइन्छन्। शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. नेपाली दोस्रो वर्षको पाठ्यांश प्रयोजनका निम्ति अनुसन्धान भएका पाइन्छन्। हालसम्म उपन्यास, नाटक, गीतिनाटक, खण्डकाव्य र निबन्ध सङ्ग्रहका क्षेत्रमा शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ। हालसम्म भएको शैलीवैज्ञानिक अध्ययनहरूमा सबैभन्दा बढी उपन्यासबिधामा भएका पाइन्छन्।

वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि अनुसन्धानलाई ऐच्छिक पाठ्यांशको रूपमा र वि.सं.२०२८ पछि अनिवार्य विषयका रूपमा स्नातकोत्तर तहमा मान्यता रहेकोमा पछि पुनः वि.सं.२०४२ देखि शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहमा ऐच्छिक विषयका रूपमा लिन पाइने व्यवस्था गरेपछि यसले संस्थागत रूपमा मान्यता प्राप्त गरेको पाइन्छ। वर्तमान त्रि.वि. अन्तर्गतका धेरै आंगिक तथा समाजकशाास्त्र सङ्कायका स्नातकोत्तर तहहरूमा ऐच्छिक पाठ्यांशका रूपमा अनुसन्धानलाई निरन्तरता दिएको पाइन्छ। मानविकी तथा समाजशास्त्रतर्फ भएका भाषिक अनुसन्धानहरू धेरैजसो साहित्यसँग सम्बन्धित छन् भने शिक्षाशास्त्र सङ्काय अन्तर्गत भएका भाषिक अनुसन्धानहरू धेरै मात्रामा भाषाशिक्षण सम्बन्धी भएका पाइन्छन्। कृति विश्लेषणमा शिक्षाशास्त्र सङ्कायतर्फ भएका शोधकार्यहरूमा शैलीवैज्ञानिक तथा सङ्कथनात्मक विश्लेषणसँग सम्बन्धित रहेका पाइन्छन्।

हालसम्म शिक्षाशास्त्र सङ्काय ऐ.नेपालीतर्फ उपन्यास, नाटक, गीतिनाटक, खण्डकाव्य, शोककाव्य, पत्रकाव्य, निबन्ध संग्रह तथा कथाको शैलीवैज्ञानिक अध्ययन बढी भएको पाइन्छ। हालसम्म भएका शोधहरूलाई हेर्दा उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा

दुर्गाप्रसाद खनाल (२०५८), 'नरेन्द्रदाइ', कृष्णचन्द्र सापकोटाले (२०५९), 'माइतीघर' नीलमणि ढुङ्गेलले (२०६१), शिरीषको फूल, राजेन्द्र खनालले (२०६१), 'मुगलान,' ऋतुराज धमलाले (२०६१), 'अनिदो पहाडसँगै' टीकानाथ पौडेलले (२०६२), 'रूपमती' सुमित्राकुमारी बस्नेतले (२०६२), 'बाँच्ने एउटा जिन्दगी' कृष्णराज जोशीले (२०६२), 'तीनघुम्ती' पदमप्रसाद विमलीले (२०६५), 'समानान्तर आकाश' राधिका ओली (२०६७), 'दृष्टि' आदि उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको पाइन्छ ।

सापकोटा, (२०५९) द्वारा *माईतघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । पुस्तकालयीय विधि अपनाएर शोधपत्र तयार गरिएको माईतघर उपन्यासमा प्रयुक्त शब्दचयन, वाक्यचयन, उखान टुक्का र प्रचलित थेगोको प्रयोग प्रभावकारी रूपमा विश्लेषण गरेको पाइन्छ ।

निरौला, (२०६२) द्वारा *नासो कथाको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको अनुसन्धान गरेको पाइन्छ । उक्त शोधकार्यमा नासो कथाको कथानकको विश्लेषण र भाषिक अध्ययनको विश्लेषण पुस्तकालयीय पद्धतिको आधारमा गरिएको छ ।

पन्थी कविता, (२०६३) द्वारा *बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको अनुसन्धानमा उपन्यासको औपन्यासिक, चरित्र र भाषामा केन्द्रित भई अनुसन्धान गरेको देखिन्छ । उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको र पूर्वेली भाषिकाको बाहुल्य रहेको उक्त अनुसन्धानले देखाउँछ ।

बम, (२०६३) द्वारा *उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको शैलीवैज्ञानिक अध्ययन* विश्लेषण गरेको पाइन्छ । अवसरवादी र निष्ठावादी विचारको अवस्था देखाएको यस उपन्यासले नेपालको पञ्चायती व्यवस्थामा भएका गरेका विभिन्न घटनाहरूलाई यसका मूल पात्र लक्ष्मी र रविका माध्यमबाट देखाएको कुरा उल्लेख गरेको पाइन्छ । यस शोधमा भाषाका आधारमा शैलीवैज्ञानिक विश्लेषण गरिएको पाइन्छ ।

शिवाकोटी भक्ति, (२०६८) उनले आफ्नो कृति *सारस र सञ्जीवनी* उपन्यासमा ग्रीक सभ्यताको प्राचीन इतिहास, दर्शन, विज्ञान, आख्यान, साहित्य तथा नेपाली लोक आख्यान मिसाएर *सारस र सञ्जीवनी* लेख्ने प्रयास गरेको कुरा प्रष्ट पारेका छन् ।

मैनाली रेनुका, (२०६९) द्वारा *नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको विश्लेषण गरेको पाइन्छ । कथावस्तु, पात्र, उद्देश्य, अलङ्कार र छन्दको प्रयोगमा विश्लेषण

गरिएको यस अध्ययनमा नारीले आफ्नो आत्मअधिकारका निम्ति आफैं नै विद्रोहको स्वर उराल्न सङ्गठित हुनुपर्दछ भन्ने सन्देश दिएको कुरा साथै नारीले भोग्नुपरेका अनेकन हिंसालाई सफल रूपमा उतारिएको छ भन्ने कुरा यस अध्ययनमा पाइन्छ ।

पौडेल लक्ष्मी, (२०६९) सुसेली, वर्ष ११, अङ्क १० मा *सारस र सञ्जीवनी एक चर्चा* शीर्षकमा *सारस र सञ्जीवनी* प्राचीन ग्रीक सभ्यतालाई विषयवस्तु बनाएर कलात्मक र स्वैरकल्पनात्मक ढङ्गले नयाँ प्रयोग गर्न रुचाउने उपन्यासकार शिवाकोटी अत्यन्त प्रखर नवप्रतिभाका रूपमा उदीयमान देखिएको कुराको चर्चा गरिएको पाइन्छ। उपन्यासकार भक्ति शिवाकोटीले यस उपन्यासमा विधागत मिश्रण गरेर उपन्यासलाई नयाँपन दिएको कुरा र उपन्यासको कथानक शैली शिल्प पात्र आदिको छोटो चर्चा गरेको पाइन्छ ।

नेपाल ऋषि, (२०७०) *साहित्यकार भक्ति शिवाकोटीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन* शीर्षकको शोधमा भक्ति शिवाकोटीको कृतित्व अन्तर्गत *सारस र सञ्जीवनी* उपन्यासको परिचय, कथावस्तु, पात्र तथा चरित्रचित्रण, उपन्यासको परिवेश उद्देश्य, भाषाशैली उपन्यासको निष्कर्ष आदि विषयलाई लिएर केही चर्चा परिचर्चा गरिएको पाइन्छ तर त्यो अति संक्षिप्त मात्र रहेको छ। यस अध्ययनमा पुस्तकालय विधि र लेखकसँग भेट गरी प्रश्नावली विधिको प्रयोग गरेको पाइन्छ। यस अध्ययनमा *सारस र सञ्जीवनी* उपन्यास भक्ति शिवाकोटीद्वारा आत्मा परमात्मा, जीवन जगत, दार्शनिक चिन्तन, धार्मिक चिन्तन, सत्तासिन शासकहरूबाट हुने क्रूरता वर्वरता, शोषण दमन जस्ता कुरालाई विश्लेषण गरिएको कुरा बताइएका छन्। उनले यस उपन्यासका आधारमा शिवाकोटीको विचारअनुसार यस विश्वब्रम्हाण्डमा शक्तिशाली व्यक्तिले जे पनि गर्न सक्ने र शक्तिहीनको सधैं दुर्गति हुने कुरा व्यक्त गरेका छन्। यस शोधमा उपन्यासकार भक्ति शिवाकोटी *सारस र सञ्जीवनी* नौलो प्रस्तुतिका साथ प्रयोगवादी उपन्यास रहेको कुरा बताएका छन् ।

ओली राधिका, (२०७१) द्वारा *दृष्टि उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरेको पाइन्छ। सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा नेपालको १२ वर्षे जनयुद्धलाई यसले उपन्यासले आफ्नो बिषय बनाएको पाइन्छ। यसको अध्ययन विश्लेषण कथानक पात्रका आधारमा गरिएको पाइन्छ। शब्द चयन, वाक्य चयन, चिन्ह प्रयोग र उखानटुक्काको चयनको विश्लेषण गरिएको यस शोधमा विचलन, समान्नतरताका आधारमा पनि अध्ययन विश्लेषण गरिएको पाइन्छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

अनुसन्धाताका लागि खास गरेर पूर्वकार्यको बढी उपयोगिता रहेको देखिन आउँछ। अनुसन्धानका क्रममा पूर्वशोधकर्ताहरूका अनुसन्धानहरूबाट कुनै पनि शोधकर्ताले आफ्नो अनुसन्धेय विषयसँग सम्बन्धित सम्पन्न भएका विभिन्न शोधकार्यहरूबाट महत्वपूर्ण सहयोग प्राप्त गर्न सक्दछ। त्रि.वि बाट शोधविधि विषयमा गरिएका शैलीवैज्ञानिक अध्ययनबाट व्यवस्थित तरिकाले अघि बढ्नका लागि शोधकर्तालाई सहयोग पुग्ने हुनाले माथि भएका पूर्वकार्यहरूको समीक्षाको आधारमा प्रस्तुत शोधकार्य अगाडि बढाउने कार्य भएको छ। प्रस्तुत शोधकार्यमा शोधप्रस्ताव तयार गर्नेदेखि लिएर तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न समेत पूर्वकार्यको समीक्षाबाटै आफ्नो शोधकार्यको प्रयोजन र प्रकृतिसँग भएका समानता तथा यस विषयमा गर्न बाँकी चुनौतिपूर्ण कामहरू र विद्यमान समस्याहरूको निकास निकाल्न समेत उपयोग गरिएको छ। प्रस्तात अध्ययन *सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण* भएकाले उक्त उपन्यासका बारेमा भएका विभिन्न पत्रपत्रिका लेख तथा टीकाटिप्पणीहरूलाई पनि उपयोग गरिएको छ।

## सैद्धान्तिक अवधाराणा

### शैलीको परिचय

शैली शब्द संस्कृतबाट आएको तत्सम शब्द हो। 'शी' धातुमा 'लक्' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको हो। जुन शब्द विविध संस्कृत ग्रन्थहरूमा अञ्जनविद्याका देवता, स्वभाव, एकाग्र हुनु वा अभ्यास हुनुका अर्थमा प्रयोग भएको पाइन्छ। यसै 'शील' शब्दमा 'ई' प्रत्यय लागेर 'शैली' शब्दको निर्माण भएको देखिन्छ। अङ्ग्रेजी शब्द Style को नेपालीमा रूपान्तरण नै शैली हो। जसलाई ल्याटिन भाषाको stylus बाट विकसित भएको मानिन्छ। जसको अर्थ 'फलामको कलम' भन्ने लाग्छ। प्राचीन ल्याटिन भाषा मैनमा अक्षर मेटाउन प्रयोग गरिने मुडुलो भाग र अक्षर लेख्न प्रयोग गरिने तीखो भागलाई stylus भनिन्थ्यो। यो साधन फलाम वा हाडबाट बनेको हुन्थ्यो। समयका अन्तरालसँगै अर्थ परिवर्तन हुने क्रममा stylus शब्दले लेख्य र कथ्य दुवै किसिमका भाषिक अभिव्यक्ति कलालाई जनाउन थालेको देखिन्छ। शैली सम्बन्धी चिन्तन प्राचीन ग्रीसेली शैलीशास्त्रमा भएको मानिन्छ। वास्तवमा यो शैली प्राचीन ग्रीसेली शैलीशास्त्रले निर्दिष्ट गरेको शैली पनि होइन र पूर्वीय

साहित्यशास्त्रले विवेचना गरेको शैली पनि नभएर आधुनिक नवीन अर्थ वहन गर्ने शैली हो। जुन भाषाविज्ञानको जगमा उभिएको साहित्यको अपरिहार्य तत्व हो। सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधि वा तरिका र ढङ्ग ढाँचाका रूपमा बुझिन्छ भने भाषिक अर्थमा यसलाई अभिव्यक्तिको तरिकाका रूपमा बुझ्न सकिन्छ। समग्रमा भन्नुपर्दा साहित्यमा प्रयुक्त भाषाको तरिका वा ढाँचा नै शैली हो।

निष्कर्षतः सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधिको ढङ्गढाँचा वा तरिकाका रूपमा बुझ्न सकिन्छ भने भाषिक अर्थमा अभिव्यक्तिको तरिकाका रूपमा बुझ्न सकिन्छ। त्यस्तै यसलाई भाषावैज्ञानिक अर्थमा अभिव्यक्तिका तरिकाहरूका अध्ययन गर्ने शास्त्रका रूपमा चिनाउन सकिन्छ।

**शैलीविज्ञानको परिचय**


अङ्ग्रेजी भाषाबाट आएको stylistics शब्दको नेपाली रूपान्तरण नै शैलीविज्ञान हो। style मा ist र ics को योगबाट stylostics शब्दको निर्माण भएको हो। यसको प्रयोग अङ्ग्रेजीमा सर्वप्रथम सन् १८८२ तिर भएको हो। नेपालीमा शैली र विज्ञानको समस्त शब्दका रूपमा 'शैलीविज्ञान' शब्दको निर्माण भएको देखिन्छ। आधुनिक युगमा शैलीविज्ञानको शुभारम्भ गर्ने श्रेय प्रसिद्ध भाषाविज्ञानी, वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक फर्डिनाण्ड डी सस्युरलाई छ। प्रायोकिग भाषाविज्ञानका रूपमा रहेको शैलीविज्ञान भाषावैज्ञानिक मान्यताको उपयोगमा केन्द्रित रहन्छ। शैलीविज्ञान भाषा र साहित्यको संगम बिन्दु हो जसले उपकरणका साथ भाषावैज्ञानिक व्यवस्थाहरूलाई अंगाल्दै साहित्य सम्बन्धी समालोचना गर्दछ। अभिव्यक्तिको विश्लेषणलाई भाषापरक दृष्टिले हेरिने हुँदा शैलीविज्ञानको प्रवृत्ति नै भाषावादी, वस्तुवादी तथा सौन्दर्यवादी रहेको पाइन्छ। यो पाश्चात्य जगतबाट आएको विल्कुलै नवीन बिधा हो। अचेल जति भाषावैज्ञानिक सिद्धान्तहरू छन् त्यति नै पद्धतिबाट साहित्यको विश्लेषण गरेको पाइन्छ। जस्तैः वर्णनात्मक व्याकारण, संरचनात्मक व्याकरण, रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरण, प्रजनक-रूपान्तरणात्मक व्याकरण, कारक व्याकरण आदि व्याकरणिक पद्धतिबाट साहित्यिक शैलीको अध्ययन, वर्णन र विश्लेषण गरिएको पाइन्छ। अतः भाषिक अभिव्यक्ति वा सङ्कथनमा पाइने शैलीगत विविधताको भाषावैज्ञानिक रूपबाट गरिने अध्ययनलाई नै शैलीविज्ञान भनिन्छ जसले

कृतिभित्रको संरचना बनोट, बुनोट आदिको विश्लेषण गरी कृतिमा निहीत कला सौन्दर्यको तथा साहित्यिकताको उद्घाटन समेत गर्ने काम गर्दछ ।

**शैलीविज्ञानको सैद्धान्तिक स्वरूप**

भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट नै शैलीविज्ञानको सैद्धान्तिक स्वरूप निर्धारण भाएको पाइन्छ । भाषाविज्ञानको महत्वपूर्ण शाखा प्रायोगिक भाषाविज्ञानको क्षेत्रभित्र रहेको शैलीविज्ञान अत्याधुनिक युगमा विकसित भएको नवीनतम शास्त्र हो । यो पूर्व र पश्चिमको अति पुरानो र परम्परागत जगमा विकसित भएको देखिन्छ । पूर्वीय साहित्य र भाषा परम्परामा शैलीको चर्चा ऋकवेदमा भएको पाइन्छ भने त्यसपछि पूर्वीय आचार्य भरत, भामह, दण्डी, आनन्दवर्धन, कुन्तक, क्षेमेन्द्र आदिले तथा पाश्चात्य विद्वानहरू अरस्तु, सिसोरो, डायनोसस थ्राक्स, क्विन्टिलियन आदिले भाषापरक व्याख्या विवेचना धेरै प्राचीन कालदेखि गर्दै आएको र हाल विकसित भएको शैलीविज्ञानको स्वरूप निर्धारण भएको पाइन्छ । जे जसरी विकसित भए पनि भाषाका शैलीवैज्ञानिक विश्लेषण प्रक्रियाको वस्तुनिष्ठ दृष्टिकोण तथा वैज्ञानिक आधार बीसौं शताब्दीमा आएर पाश्चात्य जगतबाट जर्मन भाषाविज्ञानी करिर्नान्ड डी सस्युरबाट नै भएको पाइन्छ । त्यसै गरी चार्ल्स ब्रुनो, मार्शलक्रेसा आदिद्वारा विकसित शैलीविज्ञानमा आधारित भएर पाठ विशेषको रचनाको अध्ययन तथा कालक्रमिकताको आधारमा पनि कृतिपरक अध्ययन अगाडि बढेको पाइन्छ । अतः शैलीविज्ञानको सैद्धान्तिक अवधारणा भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट भएको पाइन्छ । यसको मूल प्रकृति भाषावैज्ञानिक हुनुका साथै प्रतीकविज्ञान र चिन्हविज्ञानबाट पनि यसले सहायता लिएको पाइन्छ । यसले कृतिको बाह्य पक्ष रूपसँग र आन्तरिक पक्ष अर्थ तथा सन्दर्भसँग सम्बद्ध भएर अभिव्यक्ति वा रूपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्नुका साथै कृतिको सन्देशलाई पक्रेर कृतिमा अन्तरनिहीत सौन्दर्यको उद्घाटन गर्दै मर्मबोध गराउने प्रयास गर्दछ ।

प्रत्येक साहित्यिक कृतिको मूर्त आकार हुन्छ, जसलाई बाह्यतल र कृतिको अमूर्त आकारलाई त्यसको गहनतल भनिन्छ। यसरी मूर्त र अमूर्त आकारको तालमेल गराउने काम शैलीवैज्ञानिक अध्ययनले गर्दछ। यसलाई तलको तालिकामा देखाइएको छ :




प्रस्तुत *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक विश्लेषण पनि माथिको प्रक्रिया अवलम्बन गरी गरिएको छ।

माथिको तालिकाले शैलीविज्ञान साहित्यलाई हेर्ने एउटा नयाँ दृष्टिकोण हो भन्ने प्रस्ट हुन्छ। यसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्धतले कृतिमा प्रयुक्त शैलीको विश्लेषण गर्दछ।

## अध्याय : तीन

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान मूलतः पुस्तकालयीय विधिको अवलम्बन गरी गरिएको छ । यस आधारमा यसको ढाँचा 'पुस्तकालयीय अनुसन्धानात्मक विधि' हो ।

### तथ्याङ्क सङ्कलनका स्रोत

यस शोध कार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिलाई मूल आधार मानी निम्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

**प्राथमिक स्रोत**

*सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक विश्लेषणका* लागि प्राथमिक स्रोतका रूपमा भक्ति शिवाकोटीद्वारा रचना गरिएको *सारस र सञ्जीवनी* उपन्यासलाई लिइएको छ । यसैका आधारमा *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । उपन्यासकार भक्ति शिवाकोटीको *सारस र सञ्जीवनी* (२०६८), वनिता प्रकाशनद्वारा प्रकाशित पुस्तकार कृति नेपाली लोकाख्यान र ग्रीकाख्यानलाई मिश्रण गरी तयार गरिएको र यसमा कला, विज्ञान, इतिहास, राजनीति र दर्शनको समेत कलात्मक प्रस्तुति पाइन्छ ।

**द्वितीय स्रोत**

अध्ययनको द्वितीय स्रोतमा उपन्यासका बारेमा प्रकाशित लेख, समीक्षा, टीकाटिप्पणी तथा शैलीविज्ञानसँग सम्बन्धित तथा प्रायोगिक भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरू तथा शैलीविज्ञानसँग सम्बन्धित पूर्वकार्य वा शोधपत्र अथवा शोध प्रबन्धहरू रहेका छन् ।

### तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत अनुसन्धानमा पुस्तकालयीय विधिको अवलम्बन गरी गरिने अनुसन्धान भएकाले तथ्याङ्क सङ्कलन गर्न पाठपत्र, सूचिपत्र, टिपोटपत्र तालिका आदि साधनको प्रयोग गरिएको छ ।

## अध्ययन प्रक्रिया

यस *सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक विश्लेषण* गर्ने प्रक्रियामा सर्वप्रथम कृतिको पटक-पटक गरेर अति गहन अध्ययन गर्ने कार्य सम्पन्न गरी त्यसैका आधारमा कथानकको विकास क्रमलाई आदि, मध्य र अन्त्यको शृङ्खला पहिल्याई सोहीअनुसार कथानक तथ्याङ्क टिपोट गर्ने कार्य गरिएको छ । उक्त कार्यमा जर्मनेली गुस्ताफ फ्रेटागको सूचिस्तम्भका समानान्तर *सारस र सञ्जीवनी* उपन्यासको कथानकलाई राखेर हेर्ने काम भएको छ । यस आधारमा उक्त उपन्यास शृङ्खलाबद्ध नभएर व्यतिक्रमिक र प्रयोगधर्मी भएको पाइयो । यो उपन्यास भक्ति शिवाकोटीले ग्रीक सभ्यताको प्राचीन इतिहास, दर्शन, विज्ञान, कला, आख्यान, साहित्य तथा नेपाली लोकाख्यान मिसाएर तयार गरेको पाइयो । विश्लेषणमा यो उपन्यास शृङ्खलाबद्ध र क्रमिक नभएर विशृङ्खल तथा स्वैरकल्पनात्मक भएको प्रस्ट देखिन्छ । यसरी अनियमित कथानक शृङ्खला भएका कारण उपन्यासको कथानक फ्रेटागको सूचिस्तम्भअनुसार आंशिक रूपमा मात्र लागु गर्न सकिएको छ । कथानक तथ्याङ्क प्रस्तुत गर्ने कार्य सम्पन्न गरी सकेपछि यो उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्र विश्लेषण गरिएको छ । चरित्र विश्लेषणकै क्रममा लिङ्ग, स्वभाव, कार्य, प्रवृत्ति, जीवनचेतना, आशन्नता र आबद्धताका आधारमा वर्णनात्मक तथा शैलीवैज्ञानिक विश्लेषण गरी तालिकामा समेत चरित्रअनुसारका पात्रहरूलाई राख्ने काम गरिएको छ । झट्ट हेर्दा उपन्यास बहुपात्रीय देखिए तापनि मुख्य भूमिकामा देखिने पात्रहरूमा सोफोकल्स, डायना, राजकुमार फिलिप्स, दार्शनिक डेमोक्रिट्स र मेरियम रहेका छन् । अन्य पात्रहरू कतिपय काल्पनिक र अप्रत्यक्ष रहेका छन् । यस उपन्यासमा मानवीय, मानवेतर, काल्पनिक र दैविक पात्रहरू पनि रहेका छन् । उपन्यासमा सारस चरो काल्पनिक मानवेतर पात्रका रूपमा प्रस्तुत भएर विविध घटनाको प्रतीकका रूपमा आएको पाइन्छ । सारस र वनझाँक्री प्रत्यक्ष रूपमा नदेखिए तापनि प्रतीकात्मक मिथकीय रूपमा आएका छन् र सबै पात्रहरू बाँच्नका लागि सङ्घर्षरत तथा सत्य, भ्रम, कल्पना, यथार्थ र आशासँगै बाँचेका यी पात्रहरू जीवन्त र सजीव जस्तै प्रतीत हुन्छन् ।

अध्ययनका क्रममा *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त भाषाको भाषिक विश्लेषण गर्ने काम सम्पन्न गरिएको छ । शैलीवैज्ञानिक विश्लेषणका आधारमा रचनाकारले उपन्यासमा गरेका शब्द चयनमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्द चयन,

नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण तथा निपातको चयन कसरी गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ। भाषिक विश्लेषणकै क्रममा उक्त उपन्यासमा प्रयुक्त वाक्य चयनअन्तर्गत सरल, संयुक्त, मिश्र, एकशब्दे र लामा जस्ता विभिन्न वाक्यको विश्लेषण गरिएको छ। उपन्यासमा प्रयुक्त चिन्ह चयनान्तर्गत बिन्दु चिन्हको चयन विस्मयादिबोधकको चयन, उद्धरण चिन्हको चयन, योजक चिन्हको चयन, शिरबिन्दुको चयन, चन्द्रबिन्दुको चयन, विसर्गको चयन जस्ता विविध चिन्हहरूको चयनको विश्लेषण गर्ने कार्य सम्पन्न गरिएको छ। त्यसै गरी *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त विचलनअन्तर्गत व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्विक विचलन आदिको विश्लेषण गर्ने काम पनि यस शोधकार्यमा गरिएको छ। यसै गरी उपन्यासको भाषिक विश्लेषणमा समानान्तरता अन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको विश्लेषण गरी माथिका विविध विश्लेषणका आधारमा निस्किएको निष्कर्ष तथा उपसंहार, उपयोगिता सुझाव आदि प्रक्रियालाई पूर्ण गरी यो *सारस र सञ्जीवनी* उपन्यासको विश्लेषण कार्यलाई पूर्णता दिँदै सम्पन्न गरिएको छ।

# अध्याय : चार

## सारस र सञ्जीवनी उपन्यासको विश्लेषण

### कथावस्तु र पात्रका आधारमा सारस र सञ्जीवनी उपन्यासको विश्लेषण

*सारस र सञ्जीवनी* उपन्यास ग्रीक आख्यान र नेपाली आख्यानलाई मिसाएर तयार गरिएको प्रयोगवादी उपन्यास हो । यो स्वैरकल्पनात्मक, व्यतिक्रमिक शैलीमा तयार भएको उपन्यास हो ।


**कथानक**

कथानक उपन्यासको आधारवस्तु हो । यसले उपन्यासलाई एउटा घटनाक्रमको शृङ्खलामा मिलाएर कृतिलाई पूर्णता दिन्छ । यही विशिष्ट तत्व नै कथानक वा कथावस्तु हो । कथावस्तु बिना उपन्यासले पूर्णता नपाउने भएकाले उपन्यासको अनिवार्य तत्वका रूपमा कथानकलाई लिइन्छ । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसका आउने घटनाहरू कार्यकारण सम्बन्धबाट कसिएका र व्यवस्थित गरिएका हुन्छन् । द्वन्द्व एवम् क्रियाव्यापारलाई समायोजन गर्दै कथाको मूल मर्मलाई सटिक ढङ्गमा प्रस्तुत गर्ने कथावस्तु उपन्यासको प्राण तत्व हो । कथावस्तुको अभावमा उपन्यास निर्जीव बन्ने हुनाले यसको महत्व अतुलनीय रहेको हुन्छ । उपन्यासलाई सुस्पष्ट गोरेटो प्रदान गर्ने कार्य कथानकले गर्दछ । कथावस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक शृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य र अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भन्ने गरिन्छ ।

**कथानकको विकासक्रम**


कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छः

कथानकको विकास क्रमलाई यस प्रकारले देखाइएको छ ।




उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताफ फ्लुवर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था)को उल्लेख गरेका छन् । फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँगुरिँदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ । जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारित गरेका छन्, यसलाई उनकै नामबाट 'फ्रेटागका पिरामिड' भनिन्छ । जग वा थालनीतिर फुकेर क्रमशः साँघुरिँदै जाने संरचनाको नाम 'पिरामिड' वा सूचिस्तम्भ हो । प्रस्तुत लेखमा फ्रेटागको सूचिस्तम्भका समानान्तर *सारस र सञ्जीवनी* उपन्यासको कथानक राखेर हेर्ने र सो आधारमा उक्त कृतिको कथानक क्रमिक वा व्यतिक्रमिक के छ भनेर निर्क्यौल गर्ने प्रयास गरिएको छ ।

फ्रेटागका अनुसार- 'टेक्निक अफप् द ड्रामा' (१८६३) पुस्तकमा सूचिस्तम्भात्मक पिरामिडमा निम्न पाँच अवस्था देखाइएको छ ।



### आरम्भ

आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध यस पहिलो अवस्थामा मुख्य पात्रको चिनारी गराइएको हुन्छ। यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ। (शर्मा, २०४८: शैलीविज्ञान)

### सङ्घर्ष विकास

कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटना विशेषका कारण पात्रहरूका सामू नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ। यस पहिलो महत्वपूर्ण परिस्थिति घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ।

### चरम

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जन्माउँछ। यसै कारणले सङ्कटावस्थाहरूको एउटा शृङ्खला तयार हुन्छ। विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ। सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यमा पात्रहरूलाई यस्ता सिथितमा पुऱ्याउछ जुन महत्वपूर्ण गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ। यो अन्तिम सङ्कटावस्था नै चरम हो।

### सङ्घर्ष ह्रास

कथानकका पात्रहरूको चर्को  सङ्घर्ष मत्थर हुन्छ। छरिएको घटना प्रवाहलाई समेट्ने र सगाल्ने काम गरिन्छ। कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्याउनीमा पुग्छ।

### उपसंहार/परिणति

पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ। पात्रहरूले आफ्ना कार्यअनुसारको फल पाउँछन् र समस्याको समाधान हुन्छ। फ्रेटागको यो सूचिस्तम्भ सबै कथानकमा लागु हुन्न। नियमित कथानक भएको आख्यानात्मक कृतिमा यो सूचिस्तम्भ यथावत लागू हुन्छ तर अनियमित कथानक भएको कृतिमा भने यथावत लागू नभई आंशिक रूपमा मात्र लागु हुन्छ। सूचिस्तम्भ

सीमित रूपमा लागु भए तापनि फ्रेटागको कथानक सम्बन्धी धारणाले वर्तमान समालोचना समेत ज्यादै प्रभावित भएको पाइन्छ ।

**फ्रेटागको सूचिस्तम्भ र *सारस र सञ्जीवनी*को कथानक**

उपन्यासकार भक्ति सिवाकोटीद्वारा रचना गरिएको उपन्यास हो, '*सारस र सञ्जीवनी*।' *सारस र सञ्जीवनी* (२०६८) उपन्यास एक सानो आकारको तर पूर्ण र रोचक उपन्यास हो । वनिता प्रकाशनद्वारा प्रकाशित उक्त आख्यानात्मक कृति रचनाकार भक्ति शिवाकोटीले ग्रीक सभ्यताको प्राचीन विज्ञान, आख्यान साहित्य तथा नेपाली लोकाख्यान मिसाएर तयार गरिएको हो । अङ्ग्रेजी साहित्यको प्राध्यापन पेशामा संलग्न स्रष्टा शिवाकोटीको दोस्रो कृतिका रूपमा वि.सं.२०६८ मा वनिता प्रकाशनद्वारा प्रकाशित आख्यानत्मक कृति हो *सारस र सञ्जीवनी*। जम्मा ७३ पृष्ठमा फैलिएको यो औपन्यासिक कृति प्रयोगवादी भन्न मिल्ने किसिमको देखिन्छ ।

**आरम्भ/चिनारी**

- देउराली सिर्जनशील समाजले गरेको कार्यक्रम आयोजनामा विभिन्न देशका साहित्यप्रेमीहरूको जमघट हुनु ।
- कार्यक्रम काठमाडौंबाट आएका प्रोफेसर शर्माले प्राचीन ग्रीक नाटककार सोफोकल्सको दुःखान्त नाटक अडिपस रेक्सको समीक्षा तयार गरेर ल्याउन र आफ्नो कार्यपत्रमार्फत प्राचीन सोफोकल्सलाई आह्वान गर्नु ।
- सोफोकल्स पवित्र वायु भएर प्राचीन ग्रीकबाट ब्युँतिएर तत्कालै त्यहाँ आइपुग्नु ।
- पहिलो दिनको कार्यक्रम सकिएपछि म पात्रले देउरालीको छेउछाउको प्राकृतिक परिवेशको अवलोकन गर्नु ।
- जादुको सुन्दर विश्रामस्थल जस्तो लाग्ने एकान्तको एक झुपडीबाट नवआगन्तुकलाई देखेर एक बृद्ध पुरुष बाहिर निस्कनु ।
- म पात्रले आफू क्याम्पस पढाउने पेसा गर्छु भनेर बृद्ध पुरुषलाई बताउनु र बृद्ध पनि त्यहाँको बिजुवा भएको अन्दाज गर्नु ।
- म पात्रले त्यहाँको पोखरीको बारेमा बिजुवासँग बुझ्ने जिज्ञासा राख्नु ।

- बिजुवाले उक्त पोखरीमा वनझाँक्रीको आत्मा रहेको र त्यसै आत्माको प्रभावले आफूले त्यहाँका गाउँलेहरूलाई फुकेको लाग्नु र वनझाँक्रीको आत्मा बिजुवाको गुरु भएको बताउनु ।
- म पात्रलाई बिजुवाको अन्धविश्वासप्रति दया लाग्नु ।
- बिजुवाले वनझाँक्रीको आत्माले यस ठाउँमा बास गरेको र गुरुपूर्णिमाको रातमा उक्त आत्माले मन्त्र फलाक्ने र ढ्याङ्ग्रो बजाउने बताउनु साथै यो मन्त्र नै सञ्जीवनी भएकाले त्यही मन्त्रले त्यहाँका वनबासी, जलबासी र गाउँलेहरूको झारफुक गर्ने कुरा बताउनु ।
- बिजुवाले सारस चराका रूपमा आफ्नो गुरुको आत्मा आएर उक्त पोखरीमा जल बिहार गर्ने गरेको कुरा बताउनु ।
- वनझाँक्री आफैँले आदि माताको ध्यान गरेर शक्ति प्राप्त गरेकाले आदिमाता उसको आत्मामा प्रवेश गरेको, उसले छुँदा पनि मान्छेको रोग निको हुन थालेको कुरा बिजुवाले बताउनु ।
- शक्ति प्राप्त भएपछि घुमन्ते साधु जस्तै घुम्दै टिष्टाको छेउछाउ पुगेको, वनझाँक्रीलाई त्यहाँका खराब मान्छेहरूले छालाका बोरामा हालेर टिष्टामा बगाएको अनि उसको आत्मा सारस चराको रूपमा त्यहाँबाट उडेर आएर त्यसै पोखरीको छेउछाउ बसेको विश्वास बिजुवाले गर्नु ।
- त्यति सुनेपछि म पात्रले बिजुवाका आस्थालाई सम्मान गर्नु र अदृश्य शक्तिको सम्मान गर्दै एक थुँगा फूल चढाएर आफ्नो बासस्थान देउराली फर्कनु ।

भारतीय विश्वविद्यालयबाट आएका विद्वान प्रोफेसर वर्माले शेक्सपियरको महान् दुःखान्त नाटक 'किङ लियर'मा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु ।

- 'किङ लियर' जीवन र जगतको अँध्यारो प्रस्तुति हो भन्ने कुरा म पात्रलाई चित्त नबुझ्नु जीवन अँध्यारो र अन्धवेगले भरिएको छ भन्ने प्रोफेसरको भनाइले तनावग्रस्त भावदशामा म पात्रले कार्यक्रम स्थल छोड्नु ।
- ईश्वरका मनमा मानवप्रति न्याय छैन भन्ने ग्रीक दुःखान्त नाटकले लेखक वा म पात्रलाई हरपल पोलिरहनु ।

- प्राचीन नाटककार सोफोकल्सले आफ्नो अमर दुःखान्त नाटक जीवनको कुन दुःखमा खारिएर लेख्यो होला भन्ने कुरा म पात्रले सोच्नु ।
- पश्चिमी दर्शनले आक्रान्त मानसमा बिजुली चम्केझैँ बिजुवाको आस्थाप्रतिको दृश्य र अदृश्य शक्तिबीचको तालमेल भएजस्तो सपना र विपनाको दोसाँधमा लेखक पुग्नु ।
- त्यसै अवस्थामा प्राचीन युगको राजकुमार जस्तो देखिने एक युवक आँखाको अगाडि उभिनु ।
- युवक ग्रीकका प्राचीन नाटककार तथा कलाकार सोफोकल्स भनेर लेखक सामु चिनिनु ।
- लेखकलाई सोफोकल्सले आफू केही आशा र आग्रह लिएर आएको कुरा बताउनु ।
- लेखकको मनमा कस्तो आशा र आग्रह लिएर आएको होला सोफोकल्स भन्ने तरङ्ग पैदा हुनु ।
- सोफोकल्सले प्राचीन युगबाट एक्काइसौं शताब्दीका लेखकको युगमा पुनर्जीवित हुन चाहनु ।
- लेखकको कलामार्फत यस युगमा पुनः ब्युँतिने सोफोकल्सको इच्छा पूरा गर्नका लागि लेखकले आफ्नो मनमा सोफोकल्सलाई स्थान दिनु ।
- सोफोकल्सले जादुको वायुपङ्खी घोडामा चढाएर लेखकलाई समय र स्थानको दुरी मेटेर एथेन्स पुऱ्याउनु ।
- लेखकले एथेन्सको उच्च भाग एक्रोपोलिसबाट एथेन्स सहरको दृश्यावलोकन गर्नु ।
- लेखकले ग्रीककी कुलदेवी एथेनाको मन्दिर, डायनोसस नाट्यशाला, नाट्यमैदान, सार्वजनिक भवन, सार्वजनिक मैदान, प्रशासनिक तथा राजकीय भवन, शैक्षिक क्षेत्र तथा राजमहलको अवलोकन गर्नु ।
- डायनोसस रङ्गशालाको विशालता र भव्यता लेखकले नियाल्नु ।
- सोफोकल्सले कवि (लेखक)लाई एथेन्समा वसन्तोत्सव आएको, आफ्नो महान दुःखान्त नाटककार र कलाकार आफैं भएको, उक्त नाटक आफ्नो जीवनको

उतारचढाव सौभाग्य, दुर्भाग्य, जीवनदर्शन तथा त्यस बखतको समाज र राजनीति सबै देख्न पाउने र त्यसै आधारमा उक्त नाटकको पुनरावलोकन गर्नुपर्ने कुरा बताउनु ।

- डायनोसस रङ्गशालामा वसन्तोत्सव सुरु हुनु ।
- हजारौं जनसमुदाय डायनोसस रङ्गशालामा उत्साह र उमङ्गका साथ ओइरिनु ।
- लेखक उक्त वसन्तोत्सवको एउटा प्रवाह भएर प्राचीन जादुई नगरीको नाटकलाई दृश्यावलोकन गर्नु ।
- यो वर्षको वसन्तोत्सवका लागि सोफोकल्सले प्रेम, पीडा, द्वन्द्व तथा बसन्तको भावभूमिमा एउटा नाटक लेख्नु ।
- अमरदेव क्युपीड र मरणशील राजकुमारी साइकको प्रेमगाथामा नाटक आधारित रहनु ।
- पाँचवटा घोडाले तानेको सुन्दर स्वर्ण जडित रथमा एथेन्सका राजकुमार फिलिप्सको आगमन नाट्यशालामा हुनु र हजारौं नरनारीले उठेर उच्च स्वरमा राजकुमारलाई स्वागत गर्नु ।
- राजकुमार फिलिप्स पछि राजपरिवारका अन्य सदस्यहरू तथा उच्च ओहोदाका अभिजात्यको आगमन हुनु ।
- राजकुमारले यस वर्षको नाट्योत्सवको उद्घाटनको घोषणा गर्नुका साथै महान ईश्वर डाइनोससको सम्मानमा दुई जार जङ्गली अङ्गुरको रक्सी चढाउनु ।
- कोरस समूहले ईश्वर जियस र उनको महान पुत्र डायनोससको महिमा गायन गर्नु ।
- नाट्मञ्चमा प्रमुख अभिनेता र अभिनेत्री सोफोकल्स र डायनाको उपस्थिति हुनु ।
- स्वर्गका आमरदेव राजकुमार क्युपिडको भूमिकमा सोफोकल्स र पृथ्वीकी मरणशील राजकुमारीको ठाउँमा डायनाको भूमिका नाटकमा रहनु ।
- मृत्युधर्म राजकुमारी साइकको सुन्दरताले मञ्च दिप्त हुनु ।
- नाटकका महान् देवता डायनोससले आफ्ना अदृश्य हातहरू उठाएर राजकुमारी साइकलाई आशीर्वाद दिनु ।

- राजकुमारी साइकको सौन्दर्यको प्रशंसामा पृथ्वीबासीले स्वर्गलाई भुलेका कारण स्वर्गकी देवी भेनस कुपित भएर ईर्ष्याको ज्वालाले जल्दै आफ्नो छोरा क्युपिडलाई आह्वान गरेर पृथ्वीबासीको अभिमानलाई खण्डित गर्न अह्राउनु ।
- महान देवता जियसको आशीर्वाद माग्दै क्युपिड पृथ्वीमा ओर्लनु ।
- राजकुमार क्युपिड राजकुमारी साइकको सुन्दरतामा लठ्ठिएर आफ्नो उपस्थितिको कारण बिर्सेर साइकसँग प्रेम गर्न थाल्नु र पृथ्वीलाई प्रेम प्रणय स्थल बनाएर पृथ्वीमा नै भुल्नु ।
- पृथ्वीकी आदि शक्ति इरोसले स्वर्ग र पृथ्वीलाई आफ्नो जादुको पिँजडामा कैद गरेको हल्ला स्वर्गमा फैलनु र स्वर्गका देवताहरूले षड्यन्त्रको तानाबुना बुनेर राजकुमार साइकलाई वाण चलाएर प्राणविहीन अवस्थामा छोडेर क्युपिडलाई अपहरण गरेर स्वर्गमा लैजानु ।
- कथामा क्युपिड साइकको सुन्दरतामा सम्मोहित थियो भने दर्शकमा राजकुमारी फिलिप्स अभिनेत्री डायनाको (साइकको भूमिकामा रहेकी) सुन्दरतामा मोहित हुनु अनि डायनाको कला र सौन्दर्यको कारीगरी सामु जादुगरको पिँजडामा परेको चराझैँ छटपटाउन थाल्नु ।
- अभिनेता सोफोकल्स र अभिनेत्री डायना एकान्त क्षणमा समुद्रको किनारमा निशब्द हिँडिरहनु ।
- शुभ बिहानीमा प्रकृतिको साश्वत तरङ्ग र सोफोकल्स र डायनाको जीवनमा समस्वरता भएको अनुभव उनीहरूले गर्नु ।
- सोफोकल्स र डायना वसन्तोत्सवको विषयलाई लिएर प्रेमिल गफमा मस्त हुनु ।
- नाटकको कथानकमा स्वर्गको राजकुमार क्युपिड पृथ्वीकी राजकुमारी साइकप्रति सम्मोहित भएजस्तो दर्शकमा डायनाको सुन्दरता र कलामा राजकुमार फिलिप्स सम्मोहित भएको कुरा सोफोकल्सले गर्नु र डायना यसबाट झस्केर राजा महाराजाहरूबाट सधैँ बच्नुपर्ने कुरा बताउनु ।

**सङ्घर्ष विकास**

- साँझको बेला राजकीय सान सौकतका साथ राजकुमार फिलिप्स स्वर्णशिल्पीले युक्त कुर्सीमा बसेर निकटतम साथी तथा दरबारका पुराना शुभचिन्तकहरूसँग गफ गर्नु ।
- सुसारे केटीहरूले सुन्दर कारिगरीयुक्त ग्यासमा दिएको उत्कृष्ट किसिमको ग्रीकको रक्सीको चुस्की लिँदै राजकुमार फिलिप्सले यसपालिको वसन्तोत्सवको कुराकानीलाई अघि बढाउने क्रममा सोफोकल्सको नाटक र अभिनयको प्रशंसा गर्नु ।
- दरबारको पुरानो सल्लाहकार ड्युक पेरिसले नाटक उत्कृष्ट भए पनि सोफोकल्स जनसाधारणको पक्षमा उभिएको र नाटक मार्फत एथेन्सका जनतालाई स्वतन्त्र तथा सचेत बनाउन चाहिरहेको कुरा व्यक्त गर्नु ।
- अमरदेव राजकुमार जियसको विरुद्ध बोल्ने लेखक तथा कलाकारबाट एथेन्सको राजघराना सतर्क हुनुपर्ने, यिनीहरूले एथेन्सको अदृश्य सत्ताको विरुद्ध बोल्न सक्ने जस्ता कुरा ड्युक पेरिसले गर्नु ।
- ड्युकले सोफोकल्सको प्रेमकथाभित्र दार्शनिक विचार लुकेको, यस्ता विचारबाट एथेन्सको राजतन्त्रले डराउनुपर्ने, यिनीहरूका विचारले एथेन्समा अन्योल र अराजकता फैलने आशङ्का गर्नु ।
- राजनीतिको अनुभवी ड्युक पेरिसको विचारलाई खण्डित गर्दै अर्को अभिजात्य एड्मण्डले सोफोकल्स एउटा सैनिक परिवारबाट आएको लेखक जसको रगतमा सेनाको रगत दौडिएको र यसरी एउटा मनोरञ्जनको साधन नाटकलाई शासन, सत्तासँग जोड्नु ठीक नहुने बताउनु ।
- सबैको कुरा सुनिसकेपछि राजकुमार फिलिप्सले अभिनेत्री डायना प्रथम नजरमा नै आफ्नो मन मुटुमा बसेको कुरा व्यक्त गर्नु ।
- राजकुमार फिलिप्सले सोफोकल्सको नाटकको बारेमा भन्दा डायनाको बारेमा केही राय आफ्ना सल्लाहकारहरूसँग माग्नु ।
- फिलिप्सले आफ्नो राजघरानामा डायनासँगको विवाहको कारणले एथेन्सको शक्ति समीकरणमा समस्या आउला कि ? राजघरानाको विवाह शक्तिशाली घरानासँगै गर्ने

परम्परा रहेको, यस निर्णयले एथेन्सको राजघरानामा हानी पुग्ने भए आफ्नो सपना त्याग्ने निर्णयका साथ सल्लाहकारहरूसँग राय माग्नु ।

- सेनातर्फको अभिजात्य जर्नल क्रेटसले एथेन्ससँग शक्तिशाली सैन्य सुरक्षा रहेको, अति शक्तिशाली जलसेना र जहाज रहेको, एथेन्सले पर्सिया साम्राज्यलाई चुनौती दिन सक्ने क्षमता रहेको र छिमेकी देशहरूले एथेन्ससँग व्यापार नगरे भोकै मर्ने स्थिति रहेको, डायनासँगको प्रेम प्रस्तावले एथेनसको शक्ति र सामर्थ्यलाई असर नगर्ने, सर्वश्रेष्ठ पुरुष फिलिप्सलाई एथेन्सको प्रत्येक सर्वश्रेष्ठ वस्तुमा प्रथम अधिकार रहने, राजकुमारले आफ्नो सपना पूरा गर्ने पूर्ण अधिकार राजतन्त्रप्रति आफूहरू सदा बफादार रहने कुरा बताउनु ।
- सल्लाहकार ड्युक पेरिसले पनि क्रेटसको कुरालाई समर्थन जनाउनु, डायना अति सुन्दरी तथा उनकी आमा पनि अभिजात्य वर्गसँगै सम्बन्ध राख्ने चाहने, डायना एथेन्सकी राजकुमारी बन्न योग्य रहेको बताउनु ।
- फिलिप्सले ड्युकलाई यस विषयमा पुनः बोल्न आग्रह गर्नु ।
- ड्युकले डायना सुन्दरी, योग्य भए तापनि उनी जस्ता थुप्रै योग्य केटीहरू एथेन्समा भएका, राजघरानाका केटीसँग सम्बन्ध गाँस्ता एथेन्सलाई फाइदा हुने, राजनीतिमा विवाहले ठूलो महत्व राख्ने, अप्ठ्यारामा वैवाहिक समबन्धले एथेन्सको राजघरानामा ठूलो सङ्कटबाट रक्षा गरेको इतिहास रहेको, राजघरानाका सदस्यहरूले कलाकारको पछि कुद्न नहुने, कलाकार भनेका भावनाका जादुगर र राजघरानाका सदस्यलाई प्रेमजालमा पार्न खप्पिस रहने, डायना र सोफोकल्सको प्रेमकहानी एथेन्सका गल्लीहरूमा प्रशस्त चलेको कुरा आफूले सुनेको बताउनु ।
- डायनाले राजकुमार फिलिप्सको प्रेम प्रस्ताव अस्वीकार गरे राजघरानाको प्रतिष्ठा खण्डित हुने, मेडोसिया र स्पार्टामा झैँ डायनालाई जबरजस्ती उठाएर ल्याउन नमिल्ने, यसो गर्दा एथेन्सको राजतन्त्र अलोकप्रिय भई गणतन्त्रात्मक शक्ति जनतामा बढ्न जाने र राजतन्त्रात्मक शक्ति कमजोर हुने जस्ता कुराहरू आफ्ना व्यक्तिगत कुराहरू रहे पनि बहुमतले भनेका कुरालाई आफूले सम्मति दिने आशय व्यक्त गर्नु ।
- ड्युक जर्जले राजकुमार फिलिप्सले डायनालाई भित्री मनले नै चाहेको हो भने उनलाई प्राप्त गर्ने अदृश्य उपायहरू रहेका, जनताका आँखा छल्ने धेरै उपाय

भएको, राजकुमारको सपना पूरा गर्नु आफ्नो कर्तव्य भएको, डायनाकी आमासँग निकट सम्बन्ध ड्युकसँग रहेको र उक्त बैठकले सम्मति दिएमा डायनाकी आमा मेरियमसँग राजकुमारको प्रेम प्रस्ताव लिएर ड्युक आफैँ जाने कुरा बताउनु ।

- उक्त कुराको राजा अलेक्जेण्डरले सम्मति दिएको कुरा राजकुमारले जनाएपछि राजकुमार र उसका सहयोगहिरू बैठक कोठाबाट उठ्नु ।
- ड्युक जर्ज डायनाकी आमा मेरियम सामु राजकुमार फिलिप्सको प्रेमप्रस्ताव लिएर डायनाको हात माग्न जानु ।
- ड्युकको कुरा सुनेर मेरियम अतालिँदै राजघराना र हामी सामान्य अभिजात्य परिवारबीच कसरी यो सम्बन्ध सम्भव होला र भन्ने आशय व्यक्त गर्नुका साथै मनमनै असाध्य खुसी पनि हुनु ।
- मेरियमले आफ्नो खुसीलाई लुकाउँदै अलि असहज जस्तो पारामा आफू सामान्य घरानाकी भएकाले यो सम्बन्ध थेग्न सकुँला या नसकुँला भन्ने आशय व्यक्त गर्दै केही समय ड्युकले मेरियमलाई दिनुपर्ने र मेरियमले छोरी डायनासँग यस विषयमा कुरा राख्ने बताउनु ।
- आमा मेरियमले छोरी डायनालाई राजकुमार फिलिप्सँगको विवाह प्रस्ताव लिएर ड्युक आएको कुरा बताउनु ।
- आमाको यो कुराले डायना झस्केर अभिनेता सोफोकल्सलाई अन्तरमनदेखि नै आफूले प्रेम गर्ने हुँदा राजकुमार फिलिप्ससँगको असम्भव सम्बन्ध अस्वीकार हुने कुरा बताउनु साथै सोफोकल्स र डायनाको सम्बन्ध केही गरे पनि अब टुट्न नसक्ने बताउनु ।
- मेरियमले डायनालाई जीवन भनेको यथार्थको धरातलमा उभिएर बाँच्नुपर्ने कुरा सम्झाउनु ।
- डायनाले सोफोकल्सलाई आफ्नो प्रेम कबुल गरिसकेकाले राजकुमारसँग आफू सुखी र खुसी हुन नसक्ने, राजकुमारको राजनीतिका लागि पनि आफूसँगको सम्बन्ध ठीक नहुने, एथेन्सको राजघरानामा राजनैतिक सङ्कट आएमा साथै मेडोसियाले एथेन्सलाई आक्रमण गरेमा आफू र आफ्नो परिवारबाट केही सहयोग नमिल्ने, आफू

भ्रमकी दुनियाँ भएकीले सपना, यौवनको तरङ्ग, जादुको इन्द्रेणी निर्माण गर्न सक्ने तर एथेन्सका लागि रगत दिन नसक्ने बताउनु ।

- मेरियमले डायनाको कुरालाई गम्भीर रूपमा नलिनु, भाग्यले आफ्नो अगाडि हात लम्काइरहेको र त्यो मौका नगुमाउन छोरीलाई आग्रह गर्नु ।
- छोरीको घमण्डलाई महान ईश्वर जियसले मन नपराउने कुरा मेरियमले बताउनु ।
- आमा मेरियमले छोरीको प्रेमलाई यौवनको उद्वेग मात्र हो, जवान स्त्री र पुरुषको निकटतामा पैदा हुने जैविक तरङ्ग मात्र हो, सोफोकल्सको छातीमा टासिँदा पैदा हुने तरङ्ग राजकुमार फिलिप्सको छातीमा टासिँदा पनि उत्तिकै प्रबल भएर फैलिने कुरा बताउनु ।
- डायनाले नेत्रबाट आँसु खसाल्दै सोफोकल्सप्रतिको प्रेम आफ्नो मनको गहिराइबाट झरेको झरना जस्तै भएको र उक्त झरनाको पवित्र गीतबिना आफ्नो जीवन अर्थहीन रहने कुरा बताउनु ।
- छोरी डायनाको एकोहोरोपनले मेरियम आक्रोशित हुनु र रङ्गमञ्चको शब्द जीवनमा प्रयोग नगर्न, सोफोकल्स रङ्गमञ्चको मात्र राजकुमार रहेको, रङ्गमञ्च एक पवित्र वस्तु भएकाले यो ईश्वरमा समर्पित हुने तथा रङ्गमञ्चको पात्रलाई वास्तविक जीवनमा प्रयोग गरे डायनोससप्रति अपमान हुने कुरा बताउनु ।
- आमाले डायनालाई ईश्वर डायनोससको क्रोध धेरै भयानक रहने, उनको अपमानबाट कयौं राजघराना नष्ट भएका र प्रेमको देवता सधैँ अन्धो रहने र उसले जसलाई छोए पनि अन्धो नै बनाइदिने कुरा बताउनु ।
- डायना आमाको कोठाबाट आफ्नो सयनकक्षमा जानु ।
- क्लान्त मन लिएर ओछ्यानमा पल्टिएकी डायनाले सोफोकल्ससँगका क्षणहरू एकएक गरी सम्झनु ।
- सोफोकल्ससँग वसन्तोत्सवपछि समुद्रमा बिताएका क्षणहरू, जहाँ उनीहरूले गरेका वार्तालापहरू डायनाको मनमा प्रतिध्वनित हुनु, एकएक गरेर सोफोकल्सले बोलेका कुरा र आफूले बोलेका कुराहरू मनमा तरङ्गित हुनु ।

- डायनाको कक्षमा तातो दूधको गिलास लिएर प्रवेश गर्दै मेरियमले छोरीलाई अझै सम्झाउने र मनाउने पुनः प्रयासमा लाग्नु ।
- मेरियमले डायनालाई भावनाको आकाशमा धेरै उच्च उडान नलिन सुझाउनु ।
- आमाका कुरामा डायनाले आफूमा कलाको पखेटा ईश्वर डायनोससले जन्मसँगै लगाइदिएको र उडानको अभावमा आफ्नो जीवन निर्जीव हुने कुरा बताउनु ।
- डायनालाई अझै रङ्गमञ्चको भावनामा बहकिइरहेकी, नारीको सुन्दरता अमोघ अस्त्र भएको, स्वयंले यो सुन्दरताको रक्षा गर्न नसकिने, कुनै वीरपुरुषको रक्षाकवचको अभावमा सुन्दरता असुरक्षित हुने, सुन्दरता क्षणिक र अल्पायु तर शासनसत्ताको आयु लामो रहने, कलाको अस्तित्व स्वतन्त्र नरहेकाले यो जहिल्यै सत्ताको शक्तिमा आश्रित रहने, एक परजीवी जस्तो भएको, एथेन्सको सत्ताले कला र कलाकारलाई प्रश्रय दिएको, स्पार्टा र मेडोसिया जुन कठोर भूमिमा आजसम्म कलाको फूल फुल्न नसकेको, त्यहाँको सत्ताले अहिलेसम्म योद्धा र सैनिक मात्र जन्माएको कुरा आमा मेरियमले बताउनु र छोरीलाई घमण्डको अन्त्य गर्न आग्रह गर्नु ।
- मेरियमले सोफोकल्स डायनाको सौन्दर्यमा भँवराजस्तै भुलेको, डायनाको सौन्दर्यमा समयका छिटा परेपछि उसको सपनाकी राजकुमारी अर्कै हुने, सोफोकल्सलाई राजकुमार फिलिप्ससँग तुलना गर्न नमिल्ने, फिलिप्स भोलि एथेन्सको राजा र डायना साम्राज्ञी बन्न पाउने, डायनाको रूपले वशीभूत राजकुमारको प्रेमभावनामा समयले दिएको मौकामा पछि नहट्न छोरीलाई आग्रह गर्नु ।
- डायनाले आफ्नो प्रेमको अगाडि एथेन्सको साम्राज्य तुच्छ रहेको, यस्तो निर्णयले सोफोकल्ससँगको घोर अन्याय हुने कुरा बताउनु ।
- मेरियमले जीवन भनेको सङ्ग्राम मैदान भएको, यहाँ सदा जित्नेहरूको राज चल्ने, न्याय र संवेदनाका कुरा उडन्ते रहेका, ईश्वर स्वयम् आफैँमा न्यायी नरहेका र जियसको राज्य पनि न्यायमा नअडेर शक्तिमा अडेको कुरा बताउनु ।
- डायना तीव्र भावनाको बेगमा आफू खुला आकाशमा उड्ने उडन्ते चरा भएको, दरबारको सुनको दिवारभित्र आफ्नो सास निसासिने, आफू कलाकार हुन जन्मिएकी र राजकुमारी हुन भाग्यमा नभएको कुरा बताउँदै भक्कानिएर रुँनु ।

- सोफोकल्स आफ्नो अध्ययन कक्षमा लेखनमा व्यक्त रहनु, केहीबेर मसीमा प्वाँखको कलम चोभ्न रोकिएर भ्यालबाट बाहिरको परपरको दृश्यमा मनलाई केन्द्रित गर्नु, प्रकृतिको रङ्गमञ्चबाट सोफोकल्सले काव्यको अन्तरप्रेरणा र काव्यको समग्र जीवन खोज्नु, त्यसै अवस्थामा आकाशमा पर धेरैमाथि बाज उडेको देख्नु, बाज शक्ति तथा प्रभुत्वको भरमा आकाशमा तैरिरहेको तल एकजोडी जङ्गली ढुकुर आहार टिपिरहेका बेला प्रणय भावमा भाले पोथीको वरिपरि घुमिरहनु, सिकारी बाजको ढुकुरमाथि अप्रत्यासित आक्रमण हुनु, भाले भाग्यले बाँच्नु, बाजले सिकार प्राप्त गर्नु, ढुकुरको जीवन र प्रणयलीला सदाका लागि समाप्त हुनु ।
- यस्तो दृश्यबाट सोफोकल्स झसङ्ग हुनु, आफ्नो काव्यले प्रकृतिको वास्तविक स्वभाव र नियमलाई पक्रन सकेको छैन कि भन्ने प्रश्नमा प्रकृतिको नियम अनायास आफ्ना अगाडि उपस्थित पाउनु ।
- उक्त घटनाले सोफोकल्सको मनले कतै अशुभ सङ्केत हो कि भन्ने शङ्का गर्नु, केही दिन अगाडि बगैंचामा बसेर लेखिरहेका बेला कागले माथिबाट छेरेकाले लेख्न अधुरो छोडेर उठेको सम्झनु ।
- बिहानीपखको बेला सोफोकल्स आफ्नो अध्ययन कक्षमा लेख्न व्यक्त भएका बेला आँगनमा सैनिकको घटघटाहट सुनिनु ।
- सैनिकको उपस्थिति आँगनमा देखेर सोफोकल्स झस्किनु ।
- सैनिकले अभिनेता सोफोकल्सलाई बन्दी बनाएर एथेन्सको अदालतमा उपस्थित गराउनुपर्ने आदेश भएकाले सो आदेश पालना गर्न सोफोकल्सलाई लिएर अदालत जान आएको कुरा बताउनु ।
- सैन्य अधिकारीको कुराबाट अचम्मित र त्रसित भएको सोफोकल्सले आफ्नो कुन अपराधका लागि आफूलाई बन्दी बनाउन चाहेको हो भन्ने कुराको प्रश्न गर्नु ।
- सैनिक अधिकारीले त्यो कुरासँग आफ्नो सरोकार नरहेको र आफूहरूले पेशाको आदेश पालना गर्नुपर्ने अनि सोफोकल्सले आफ्नो कुरा एथेन्सको न्यायामण्डलमा राख्न पाउने अधिकार रहेको कुरा बताउनुका साथै सोफोकल्सलाई हत्कडी लगाएर न्यायमण्डलमा बुझाउन लैजानु, हत्कडीसहित सोफोकल्सलाई न्यायालयमा उपस्थित गराइनु ।

- अदालतमा प्रवेश गर्ने बित्तिकै न्यायालयको उच्चस्थानमा उपस्थित न्यायमण्डलको एकजना सदस्यले सोफोकल्सलाई एथेन्सको सुरक्षा तथा सेना सम्बन्धी गोप्य सूचना प्रवाह गरेको कारण देशद्रोही ठहर गर्नु, यस्तो भयङ्कर आरोप सुनेर सोफोकल्स छाँगाबाट खसेझैं हुनु र यो आरोपप्रति प्रतिवाद गर्नु ।
- सोफोकल्सले आल्पस पहाडमाथि बस्ने ईश्वर जियसको प्रतिज्ञा लिएर जन्मभूमि एथेन्समाथि द्रोह गर्ने कुरा सपनामा पनि नसोचेको बताउनु ।
- नागरिकबीचबाट आएको न्यायमण्डलका सदस्यबाट सोफोकल्सले आफ्नो नागरिक अधिकार हनन् गरेको, विनाप्रमाण आफूलाई देशद्रोहको आरोप लागेको, एथेन्समा न्यायकी देवी मरिसकेकी, विद्वतवर्गलाई एथेनाले बुद्धि र विवेक दिन छोडिसकेकी हुन् कि भनी जिज्ञासा राख्नु ।
- मेडोसियाका केही व्यापारीहरू सोफोकल्सको कलाको प्रशंसक र कलाकारहरू भएका र उनीहरूकै पत्रका आधारमा सोफोकल्सलाई देशद्रोहको गम्भीर आरोप लाग्नु ।
- अन्त्यमा न्यायमण्डलको प्रमुखले फैसलामा मेडोसियाका व्यापारीले लेखेका पत्रहरू शुद्ध कला, कलाकारको भेट र आत्मीयता भएको कुरा सोफोकल्सले स्वयं बताए पनि त्यसलाई नै देशद्रोहको दह्रो प्रमाणको आधार बनाएर उसलाई देशद्रोही घोषित गर्नु ।
- न्यायमण्डलको फैसलाले देशद्रोही सोफोकल्स एथेन्समा रहँदा देशको सुरक्षामा खलल पर्ने कुरा बताउँदै उनलाई क्रेटस द्वीपमा आजन्म निर्वाशनको सजाय सुनाइनु, यस्तो अन्यायका विरुद्धमा सोफोकल्स पागलझैं कराए पनि त्यहाँ उसको आवाज कसैले नसन्नु र सैनिकले उसलाई घिसार्दै बन्दीगृहमा लैजानु ।

**सोफोकल्स नियन द्वीपमा**

- सोफोकल्सलाई बोकेको जहाज एकान्त द्वीप क्रेटसतर्फ अघि बढ्दै जानु र बिस्तारै एथेन्सका सुन्दर कारिगरीयुक्त भवन र मन्दिरहरू आँखाबाट ओझेल पर्दै आँखाको अगाडि समुद्रको असीम बिस्तार तथा तुवाँलोले ढाकेको समुद्र अनि बादल निकटस्थ एकान्त बास, भयङ्कर एकाङ्कीपनले उसको मन त्रसित हुनु ।

- सोफोकल्सले आफ्नी प्रियतम अभिनेत्री डायनालाई ऊसँग बिताएका क्षणहरू, वसन्तोत्सव र उनीहरूले अभिनय गरेका नाटकका दृश्यहरू, एथेन्सका आफ्ना कलाकार साथीहरू आफ्नो प्रिय डायनोसस रङ्गमञ्च आफ्नो परिवार, आफ्नो दुर्भाग्यबाट परिवारको चिरिएको मुटु झलझली सम्झनु ।

- यसपालिको वसन्तोत्सवमा सोफोकल्स र डायनाको जीवन्त अभिनय, नाटकमा राजकुमार फिलिप्स र दर्शकहरू सम्मोहित भएको सम्झना, राजकुमार नाटकबाट नभएर डायनाको रूप र लावण्यबाट लोभिएको झलझली सम्झनु ।

- सिकारमा जङ्गली व्वाँसो लोभिएझैं लोभिएको राजकुमारको लालच र दुष्टताले गर्दा आज आफ्नो अमर प्रेम र सपना चकनाचुर भएको सम्झेर सोफोकल्सको आँखा आँशुले भरिनु ।

- राजकुमारको षड्यन्त्रलाई सही ठानेर आफूलाई दुत्कार्ने एथेन्सबासीसँगै डायनाले पनि आफूलाई दुत्कार्लीन वा सोफोकल्समाथि भएको अन्यायलाई लिएर एथेन्सको राजघराना, न्यायमण्डल र एथेन्सबासीहरूलाई निर्दोष सोफोकल्समाथिको देशद्रोहीको आरोप सहन नसकेर दुत्कार्लिन् भन्ने कुरा सम्झनु ।

- आफूले नखाएको बिषबाट पीडित हुनु परेकाले सोफोकल्सले सर्वत्र कालो बादल देख्नु तर आशाको एउटा पनि तारा नदेख्नु, यसले अभिशप्त जीवन बाँच्नुभन्दा फिलिप्सले एथेन्सको चोकमा झुण्ड्याएर मृत्युदण्ड दिएको भए हुन्थ्यो भन्ने सम्झनु ।

- सोफोकल्सलाई जहाजबाट सिधै आफ्नो जीवन समुद्रको गहिराईमा विसर्जन गर्न मन लागेको भए पनि फेरि कतै यसो गर्दा देशद्रोहको आरोप सत्य भएर आत्महत्या गऱ्यो भन्ने एथेन्सबासीका मनमा पर्ला र डायनाले पनि आफूलाई अपरापधी सम्झेलिन भन्ने तरङ्ग मनमा उत्पन्न हुनु ।

- यस्ता भावनाहरूले गर्दा सोफोकल्सले समयलाई पर्खनुपर्ने, भोलि जे पनि हुन सक्ने, भाग्यको पाशा पल्टिन सक्ने, समयको रहस्य बुझ्न नसकिने, जसरी पनि आफूले बाँच्नै पर्ने निर्णयमा पुग्नु ।

- यस्ता अनेक अन्तर्द्वन्द्वपछि सोफोकल्स वास्तविक जीवनतर्फ फर्कनु, जतिजति जहाज अगाडि बढ्छ त्यतित्यति चिसो हावाको स्पर्शमा पनि प्रखर र भयानक आसन्न

एकान्त मृत्युको गन्धको भयले त्रसित हुनु, जबर्जस्ति मनलाई अर्कोतर्फ मोड्न खोज्दा पनि नमोडिनु ।

- मृत्युको पराकाष्टाबाट जोगाउन गाह्रो परिरहेका बेला सोफोकल्सका शरीरका रौँहरू ठाडा हुनु, सोफोकल्सले नाविकहरूलाई आफ्नो एकान्त मृत्युघाट अझै कति टाढा छ भनी सोधेको प्रश्नमा विचलित नाविकहरूले दयाको भावमा प्रिय अभिनेता सोफोकल्सलाई अझै तीस माइल टाढाको निर्जन क्रेटस द्वीपमा छोड्न आदेश भएको कुरा बताउनु ।
- सोफोकल्सको मानसपटलमा आफूले खाना, पानी नपाएर भौंतारिनुपर्ने, भोकले लखतरान अवस्थामा बाघ, भालु जस्ता हिंस्रक जन्तुको सिकार भएर चोक्टा-चोक्टा हुनु, विस्तारै चिच्याउने क्षमता हराउनु, आफ्नो कङ्काल मात्र जङ्गली जनावरले छोड्नु, हिजोको एथेन्सको महान कलाकार नरकङ्काल भएर जङ्गलमा छरिने, मानिसको भाग्यलाई कसैले पनि पढ्न नसक्ने रहेछ भन्ने कुरा झलझली आउनु ।
- एउटा झिनो आशा लिएर सेतै दाह्री फुलेको एक अधबैंसे नाविकतर्फ सोफोकल्सले भावुक स्वरमा मुटु छुने आग्रह गर्दै आफू उनीहरूको प्रिय अभिनेता होइन ? तपाईहरू पनि राजा फिलिप्स जस्तै निर्दयी हो र ? वसन्तोत्सवमा तपाइँहरू मलाई माया खन्याउनु हुन्नथ्यो र ? जस्ता प्रश्नहरू गुर्नु, यस्ता कुरामा तिनै जना नाविकहरू भावुक हुँदै राजाको हुकुम मान्नु आफ्नो पेशा भएको र नमाने मृत्युदण्ड हुने कुरा बताउनु ।
- सोफोकल्सले नाविकहरूलाई समुद्रका देवता पोसेडोनका कसम खाएर राजकुमार फिलिप्सले आफूलाई षड्यन्त्रपूर्वक राजद्रोहको महाअभियोग लगाएर आफ्नो प्रेममा डाहा गरेको, डायनाको रूपले मोहित उसले डायनालाई विवाह गर्न यो सबै कार्य गरेको कुराको विश्वास दिलाउनु ।
- षड्यन्त्रको सिकार भएको सोफोकल्सले नाविकहरूलाई धेरै वर्ष पहिले एथेन्सको राजशाहीले एउटा दार्शनिकलाई यतै कतै छोडेको कुरा सोध्नु, कपाल फुलेका नाविकले आफूले नै उक्त दार्शनिकलाई पन्ध्र वर्ष पहिले नियन द्वीपमा छोडेको बताउनु ।

- यो सुनेर सोफोकल्सले कमसेकम दुईजना भए जङ्गली जीवन सफल होला भन्ने सोचले आशाभावमा नाविकहरूलाई आफूलाई पनि नियन द्वीपमा नै छोड्न आग्रह गर्नु, सोफोकल्सको आग्रहले नाविकहरू डराउनु ।
- सोफोकल्सले राजकुमारको उद्देश्य आफूलाई डायनाबाट टाढा गराउनु थियो, त्यो पूरा भइसकेकोले अब उसले आफूलाई खोज्न नपठाउने भएकाले नाविकहरूलाई ढुक्क भएर नडाराउन आग्रह गर्नु ।
- आखिर नियन द्वीप होस वा क्रेटस द्वीप होस् जहाँ भए पनि आफू बन्दी भएर सडेरै मर्ने हो भन्ने कुरा बताएपछि नाविकहरूले अन्त कतै शरण पर्न गए आफूहरूले मृत्युदण्ड भोग्नुपर्ने हुनाले त्यसो नगर्ने सर्तमा समुद्रकी देवी पोसेडोनलाई साक्षी राखेर कसम खुवाएर सोफोकल्सलाई नियन द्वीपमा छोड्न नाविकहरू राजी हुनु ।
- सोफोकल्स पानीमा हात राखेर पोसेडोनको कसम खाँदै नाविकहरूको यो गुन कहिल्यै नबिर्सने बताउनु, केही घण्टाको यात्रापछि जहाज नियन द्वीपमा पुग्नु ।
- जहाजीहरूले आँखाभरि आँशु पारेर सोफोकल्ससँग विदा माग्नु अघि उसलाई डोरी, चुप्पी, भाला, कर्द, एक ढुंग्रो पानी, एउटा तातो ओढ्ने कम्बल, एउटा रक्सीको जार र खानेकुराको एउटा सानो पोको दिनु ।
- नाविकहरूले सोफोकल्सलाई दार्शनिक तथा वैज्ञानिक बाँचेको भए अवश्य भेट हुने, भेट नभए पनि हिम्मत नहारी बाँच्न कोशिस गर्नुपर्ने, जङ्गलमा शिकार गर्न जान्दा भोकै नमरिने, भाग्य भनेको समुद्रको हावा जस्तै भएकाले कतिखेर कसको पक्षमा चल्छ भन्ने थाहा नहुने, प्रतीक्षा गरे सोफोकल्स जस्तो पवित्र आत्मालाई ईश्वरले सहयोग गर्ने र यो एकान्त द्वीपमा कहिलेकाहीं देवदूतहरू घुम्ने बताउनु ।
- जहाज विस्तारै अघि बढ्नु, सोफोकल्सले आफ्नो आँखाले भ्याएसम्म र ओझेल नपञ्जेलसम्म जहाजलाई हेर्नु, विस्तारै जहाज समुद्रको असीम विस्तारमा अदृश्य हुनु, सोफोकल्सले निर्जन द्वीपलाई चारैतर्फ आँखा घुमाएर नियाल्दा सर्वत्र एक्लोपनको उपस्थित हुनु ।
- चराहरू उडिरहेका, समुद्रको छाल एकान्त द्वीपमा उतारचढावका साथ गुञ्जिरहेको, हावा आफ्नै लयमा बगिरहेको पाएर सोफोकल्सको मनमा यहाँ जीवनको उपस्थित अवश्य सशक्त रहेको तर संवाद नरहेको अनुभव हुनु ।

- एथेन्सको डायनोसस रङ्गमञ्चमा कथाअनुसारको चरित्रमा रमाउँदै अभिनय गर्ने सोफोकल्स आज जीवनको वास्तविक रङ्गमञ्चमा दुःख र आँशु खसाउँदै कठिन अभिनय गर्न सुरु गर्नु ।
- एकान्त द्वीपमा विस्तारै घामको तेज घट्दै जानु, सोफोकल्सलाई अब बासस्थानको चिन्ता बढ्नु, ऊ ढिस्को उक्लिएर पातलो जङ्गलतिर लाग्नु ।
- मृत्युले विस्तारै चिसो अँगालो आफूतर्फ फैलाएको अनुभव सोफोकल्सलाई हुनु, जोडले एकान्त द्वीपमा सोफोकल्स रुँनु, ईश्वरसँग हात फैलाएर आकाशतर्फ हेर्दै जियसको प्रार्थना गर्नु ।
- एक्कासी चिच्याएको आफ्नो रोदन मिश्रित आवाजले जङ्गली जनावरको शिकार हुनसक्ने सचेतनाले प्रकृतिको अँध्यारो रङ्गमञ्चमा बाँच्ने जिजिबिषाले सोफोकल्सलाई होसियार बनाउनु ।
- होसियार र सावधान हुँदै झोलाबाट चुप्पी निकालेर छेउछाउका रूख, हाँगाबाट सेउला आदिको कुटी निर्माण गर्न सोफोकल्स सफल हुँदा रात झमक्क परिसकेको हुनु ।
- जीवनको प्रथम बारमा निर्माण गरेको सुरक्षित कुटीमा आफूलाई आदि मानवमा परिणत भएको अनुभव गर्दै छेउछाउका सुकेका पातहरू र गुइँठाहरूमा आगो बालेर न्यानो र सुरक्षित अनुभव गर्नु ।
- आदि मानवको जीवन बाँचिरहेको अनुभव हुँदा उसका नजर नाविकहरूले दिएको पोकोमा परेकाले अझै एथेन्समा भएको जस्तो लाग्नु, भोक लागेको अनुभव भएकाले पोको खोलेर अलिमका तेलमा तारेको माछा र घिउमा पकाएको रोटी र रक्सीको घुट्कीमा खानु, दिनभरको थकाइले सोफोकल्स तत्काल कुटीमा निदाउनु ।
- बिहान आदि मानवको प्राचीन कुटीमा सोफोकल्सले आँखा खोल्दा मिर्मिरे उज्यालो जङ्गलमा फुट्न थाल्नु, घाम नझुल्कुञ्जेलसम्म सोफोकल्स कुटीमा बसेर कल्पनामा डुब्न थाल्नु ।
- एथेन्समा डायना आफूलाई सम्झेर रोइरहेको, रातमा नसुतेर उनका आँखा राता भएका, आफ्ना आफन्त, साथीभाइहरू सोफोकल्सको भाग्यलाई सम्झेर रोइरहेका

अथवा धिक्कारिरहेका, राजशाहीको षड्यन्त्रलाई डायनाले धिक्कारिरहेको, दार्शनिक यस एकान्त द्वीपमा मरिसकेको अथवा बाँचेको भए पनि बनमानुसमा परिणत भएको जस्ता कुराहरू सोफोकल्सको मानसमा तरङ्गीत हुनु ।

- केही क्षणमा घाम उदाएसँगै सोफोकल्स कुटीबाट बाहिर निस्कनु, उज्यालो त भयो अब के गर्ने भन्ने सोचमा घोरिनु-घोरिनु, शिकार गर्ने कला नभएर रनभुल्ल पर्नु ।
- सोफोकल्सले मृग, हरिणका बड्केउल देख्नु, बड्केउला देखेर शिकार पाइने कुरामा खुसी हुनु, मृग, हरिणको शिकार सजिलो नहुने सम्झनु ।
- सोफोकल्सले एथेन्समा आफूले गरेको नाटक सम्झनु, नाटकमा मुख्य पात्र जङ्गलमा भड्किँदा मृग, जरायोको बड्केउला खाएर बाँचेको सम्झनु,
- सोफोकलसले पनि कतै शिकार नभेटे, नाविकले दिएको खाना सकिएपछि यही बड्केउला खाएर बाँच्ने आशामा केही बड्केउला जम्मा गर्नु ।
- राजशाहीले निर्वासित गरेका दार्शनिक बाँचेका भए यो समुद्रभन्दा टाढा नबसेर यतै कतै बसेको हुन सक्ने अन्दाज सोफोकल्सले गर्नु ।
- सोफोकल्सले बादलमाथि बसेर शासन गर्ने ईश्वर निर्दयी भएको, मानव जीवन पृथवीमा एकबार मात्र हुने, जीवन क्षणिक हुने, मृत्यु र रोगले घेरिएको, जीवनमा तपस्याको केही अर्थ नरहेको, मरेपछि जीवन झन कष्टकर हुने, हाम्रो आत्मा पातालको कालकोठरीमा सदाका लागि थुनिने, मृत्यु भयङ्कर र अँध्यारो भएको र यही मृत्युको भयङ्कर अँध्यारोलाई जीवनको क्षणिकतामाथि पनि वसन्तको जलप लगाएर कलाकारले जीवनको अमर गीत गाउनुपर्ने कुरा सम्झनु, अझ यही कुरा ईश्वरलाई असह्य भएर सोफोकल्सको खुसी उसले खोसेको अनुभव गर्नु, न त कुनै महत्वकांक्षा, न त कुनै समाजको नियम कानुन, प्रकृतिको आदिम शक्तिको एउटा प्रवाह भएर एकान्त, निर्जन द्वीपमा सोफोकल्सले तीन महिना एकान्त बास भोगिसक्नु ।
- कलाकार भएर होला सोफोकल्सले चराहरूको आवाजमा तिनको भाव बुझ्नु, प्रकृतिको स्पदनलाई सुन्न थाल्नु, समुद्रको हावालाई स्पर्श गरेर समुद्रकी देवी खुसी या रिसाएको अन्जाद गर्न सक्नु, जङ्गलमा अङ्गुर, ऐंसेलु कतिको फल्छन् भन्ने कुरा

यिनीहरूको पातलाई छोएर अन्दाज गर्न सक्नु, जङ्गलको हावामा मान्छेको गन्ध सुँघेबाट दार्शनिक मरेका छैनन् र यतै कतै छन् भन्ने सोफोकल्सलाई लाग्नु ।

- जङ्गलको बीचमा सोफोकल्सले शिकार पोल्दा निस्केको आगोको धूँवा देखेर कोही मान्छे टाढाबाट जङ्गलको स्तब्धतालाई चिर्दै कराउनु, त्यो कराउने मान्छे दार्शनिक भएकाले सोफोकल्स एकाएक खुसीले पुलकित हुनु ।
- दार्शनिक डेमोक्रिट्स र सोफोकल्सले टाढैबाट कराएर आ-आफ्नो परिचय दिनु र एथेन्सको राजशाहीले के कारणले उनीहरूलाई निर्वासन गऱ्यो भन्ने कुरा पनि एक अर्काले बताउनु ।
- डेमोक्रिट्सले आफू एथेन्सको दार्शनिक भएका, आफूले नास्तिक र पथभ्रष्ट भएर जनता भड्काउने काम गरेको आरोपमा एथेन्सको राज्यसत्ताले निर्वासन गरेको बताउनु,
- सोफोकल्सले आफू निर्वासन हुनुका कारणमा देशद्रोहको आरोप लागेको कुरा डेमोक्रिट्सलाई बताउनु र डेमोक्रिट्सले एथेन्सको राजशाही पहिलेभन्दा कुटिल र उदण्ड अझ उदण्ड भएछ, अब चाँडै एथेन्समा राजशाहीको अन्त्य भई प्रजातन्त्र र गणतन्त्र आउने कुरा सोफोकल्सलाई बताउनु,

- दार्शनिकको आशालाग्दो कुराले सोफोकल्स अब चाँडै हामी एथेन्स फर्कन सक्छौं कि, अब हामीले कैदी हुनु पर्दैन कि, चाँडै आफ्नी डायनालाई भेट्छु कि भन्ने आशाका टुसाहरू पलाउनु ।
- भोलिपल्ट उनीहरू जङ्गलमा गएर अङ्गुर र ऐंसेलु टिपेर डेमोक्रिट्सले केही जङ्गली झारको ढुटो मिलाएर एक रसायनयुक्त वाइन तयार गर्नु र यो केही दिनमा वाइन बन्ने र सुकुटीसँग खाँदा शरीर दह्रो र हृष्टपुष्ट हुने कुरा सोफोकल्सलाई बताउनु ।
- डेमोक्रिट्सले सोफोकल्सलाई सिकारको कला सिकाउँदै सिकार नशा जस्तो हुने, धेरै टाढा घुम्म सकिने, फर्कने ठाउँ बिर्सन सकिने, यस्तो भए अग्लो रूखमा चढेर साथीलाई कराउनु पर्ने अथवा दुवैले आगो बालेर धूँवा निकालेर त्यसै निसानीले आफ्नो ठाउँ जान मद्दत पुग्ने कुरा बताउनु ।

- एकदिन सोफोकल्सले सानो समुद्री जहान उनीहरूको द्वीपतर्फ आइरहेको देख्नु, सोफोकल्स खुसीले चिच्याउँदै त्यो जहाजलाई चाँडो गरेर रोक्न पाए कतै आफ्नो हाम्रो पुकार उनीहरूले सुनेर हाम्रो उद्धार हुन्थ्यो कि भनेर आशा व्यक्त गर्नु, दुवैजना जहान आएतिर हेरेर खुसी हुनु ।
- डेमेक्रिट्सले यिनीहरू शिकारी जहाजी भएका, पोहोर साल आफूले यहीँबाट समुद्रमा देखेको, मेडोसियाका साहसिक नाभिक यिनीहरू रमाइला मिजासका भएका, सुरुमा उनीहरू आफूलाई देखेर आत्तिएका, हातमा धनुकाण देखेर उनीहरूले वनमानुष सम्झेका, आफू ग्रीकको निर्वासित बन्दी भनेर चिनाएपछि धेरैबेर गफ गरेर फर्कंदा सिकुटी छाला र केही जडीबुटी आफूले उपहार दिँदा धेरै खुसी भएका तर एथेन्सको बढ्दो सैन्य र व्यापारिक शक्तिसँग डराएकाले आफूलाई उनीहरूले सहयोग गर्न नसकेको कुरा बताउनु ।
- डेमोक्रिट्सले ती मेडोसियाका नाविकहरूसित आफ्नो मुक्तिका लागि गरेको आग्रहमा त्यसो गर्न उनीहरू डराएका, मुक्त गरेको एथेन्सले थाहा पाएमा, एथेन्सले मेडोसियाको व्यापारमा नाकाबन्दी र नाविकहरूलाई एथेन्सले अथवा मेडोसियाले नै पनि मृत्युदण्ड दिन सक्ने कुरा गरेको सोफोकल्सलाई बताउनु, नाविकहरूको जीवनलाई खतरामा पारेर आफूले मुक्ति नचाहेको कुरा डेमोक्रिट्सले गर्नु ।
- अर्को पटक आउँदा मेडोसियाबाट खानेकुरा, तेल, रक्सी, बञ्चरो ल्याइदिने भनेर नाविकहरू फर्केको कुरा डेमोक्रिट्सले बताउनु, सोफोकल्स र डेमोक्रिट्स रक्सी र सिकुटी, छालाको सौगात लिएर हतारमा समुद्र किनार पुग्नु ।
- डेमोक्रिट्सले परैबाटछ जोडले डराएर आफ्ना अतिथिको सत्कार गर्नु, नाविकहरूले 'बाँचेकै छौ जङ्गलका राजा' भनेर जवाफ फर्काउनु, "मेडोसियाको रक्सी नखाइ मेरो प्राण जाँदैन" भनेर डेमोक्रिट्स कराउनु, नाविक र डेमोक्रिट्स अङ्कमाल गरेर खुसी मनाउनु, एकअर्काको सौगात आदान प्रदान गर्नु ।
- डेमोक्रिट्सले सोफोकल्सलाई नाविकहरूसँग परिचय गराउनु, सोफोकल्सले नाविकहरूसँग हात मिलाउनु, नाविकहरू डेमोक्रिट्सलाई नवयुगक साथी मिलेकामा खुसी र युवकको भाग्य सम्झेर दुःखी हुनु ।

- डेमोक्रिट्सलाई नाविकहरूले जिस्क्याउँदै अर्कोचोटी आउँदा दुईजना दासी ल्याइदिन्छौ अनि तिमीहरू जङ्गलका राजा हुनेछौ भन्नु ।
- डेमोक्रिट्सहरूले हामीलाई जङ्गलको राजा बनाउनुभन्दा सक्छौ भने मुक्त गर भन्नु, नाविकहरू अर्को साल फेरि भेट्ने बाचा गर्दै विदा हुन खोज्नु, यतै समुद्रको छेउछाउ बसे भेट हुन सजिलो पर्ने कुरा बताउनु ।
- डेमोक्रिट्सले जहाजीहरूसँग एथेन्सको हालखबर सोध्नु, जहाजीहरूले एथेन्समा आफूहरू वसन्तोत्सवमा व्यापारको सिलसिलामा पुगेको बेला अभिनेत्री डायना र राजकुमार फिलिप्सको विवाह उत्सव धुमधामसँग भएको, एथेन्स सहर पुरै सिङ्गारिएको, राजकुमार खुबै खुसी देखिएका तर डायनाको भने विवाह उत्सवभरि नै मुहारमा हाँसो नदेखिएको कुरा डेमोक्रिट्सलाई बताउनु ।

**सङ्घर्षह्रास**

- जहाजीहरू गइसकेपछि सोफोकल्स डेमोक्रिट्सको हात समातेर खुबै रुँनु, अब आफूलाई समुद्रमा हुत्याइदिन भन्नु, सोफोकल्सले हरेस खाएको देखेर दार्शनिकले उसलाई सम्झाउनु ।
- जीवनको तितोभन्दा तितो विष पिएर बाँच्नु नै पुरुषार्थ भएको र सोफोकल्सको परिस्थिति बदलिइसकेकाले अब परिस्थितिअनुसार मनलाई बदल्नुपर्ने डेमोक्रिट्सको भनाइ रहेको ।
- जङ्गलमा बसेर डायनामा मन अलग्याउनुको अर्थ नरहने, जीवनको परिस्थितिअनुसार सोफोकल्सले मनलाई बदल्नुपर्ने, राजकुमारले खोसिसकेको अप्राप्य सपनाको पछाडि सोफोकल्सले दौडन नहुने, डेमोक्रिट्सको कुराले सोफोकल्स अझ भक्कानिएर रुँनु ।
- रुँदै उसले एउटा कल्पना, सपना, आशाको पवित्र अग्निबीज जुन आफूमा थियो त्यो आज खरानी भएकाले अब आफू कसरी बाँचु भन्नु ।
- आफ्नी कविताकी प्रेरणा, जीवनकी सपना डायनाले आफूलाई बिर्सिएर राजकुमारसँग बिहे गर्लिन् भन्ने कुरा सपनामा पनि नसोचेको सोफोकल्सले बताउनु ।

- विश्वास थियो डायनाले आफूलाई छोडेर राजकुमारसँग विवाह गर्नुभन्दा आत्महत्या गर्छिन् भन्ने तर नारी स्वभावलाई मैले चिनेको रैनछु भनेर सोफोकल्सले दार्शनिकलाई भन्नु ।
- दार्शनिकले सोफोकल्सलाई पितातुल्य भावमा काखमा राखेर सम्भाउनु, भावना र आँसु भन्ने कुरा एथेन्सको नाटक मञ्चमा मात्रै सुहाउने, जीवनको रङ्गशालामा कमजोर भएर रुन नहुने, प्रकृतिले भावनालाई हैन शक्ति र सामर्थ्यलाई बुझ्ने प्रकृतिको रङ्गमञ्चमा आफू कठोर भएर प्रस्तुत हुनुपर्ने जस्ता कुरा दार्शनिक डेमोक्रिट्सले सोफोकल्सलाई सम्भाउनु ।
- सोफोकल्सको प्रतिद्वन्द्वी राजकुमार फिलिप्स समस्त एथेन्सको शक्ति र सामर्थ्यको प्रतीक रहेको, उसले समस्त देशप्रेमको भावनालाई समातेर षडयन्तको सञ्जाल बलियो बनाइ सोफोकल्सलाई देशद्रोही बनाउन सफल भएको, समस्त एथेन्सबासी र डायनालाई समेत सोफोकल्स देशद्रोही हो भन्ने गहिरो भाव मनमा बसाउन राजकुमार सफल भएकाले डायनालाई मात्र दोषी नदेख्न दार्शनिकले सोफोकल्सलाई सम्भाउनु ।
- समय र स्थानको दुरीले पनि नारी र पुरुषको प्रेमको उद्वेग फितलो हुने, नारी जातिमा पुरुषको शक्ति र सामर्थ्यमा जबर्जस्ती आकर्षण हुने जैविक स्वभाव रहेको, पुरुषको सत्ता र सम्पत्तिमा नारीको आकर्षण रहने, यो स्वभाव मान्छेमा मात्रै नभएर पशुपक्षीमा पनि रहने स्वाभाविक कुरा सोफोकल्सको प्रतिद्वन्द्वी राजकुमार फिलिप्सको सत्ता र सम्पत्तिको सामर्थ्यमा डायनाको आकर्षण बढ्नु सामान्य कुरा भएको दार्शनिकले सोफोकल्सलाई बताउनु ।
- ठूलो, सानो, उच, निचको भावना मानव निर्मित भएका, मूलमा प्रकृतिमा नै सबै प्रवृत्ति समान रहेका, समस्त पशुपक्षी र मान्छे एउटै माटोका उपज भएका र माटोले दिएको आधारभूत स्वभाव मान्छे र अन्य पशुपक्षीमा एकै किसिमको भएको, मान्छेले पुराना र काल्पनिक कविका कुरामा विश्वास गर्न नहुने, सबैभन्दा ठूलो गुरु प्रकृति भएकाले यसैलाई हेर्नु, पढ्नु नै वास्तविक ज्ञान प्राप्त गर्नु हो भन्ने कुरा दार्शनिकले बताउनु ।
- दुवैजना जरायोको झुण्डको नजिक पुग्नु, थुप्रै नर मादा यौनले उद्विप्त देखिनु, मादाको लागि नरहरू युद्ध गरिरहेका, लडाइँमा हार्ने मादा ज्यान जोगाउन रगताम्य भएर भाग्नु ।

- छेउमा चरिरहेका मादाहरू पराजित भालेको पीडासँग समवेदना शून्य रहनु र थुप्रै मादाहरूले विजयी भालेको शक्ति र सामर्थ्यलाई स्वीकार गर्नु, डेमोक्रिट्सले सोफोकल्सलाई तिमीले जे देख्यौ त्यो नै प्रकृतिको वास्तविक नाटक भएको र एथेन्समा तिमीले रङ्गमञ्चमा खेलेको नाटक भावुकतामा बहकिएको नाटक हो र तिम्रो प्रेम पनि यसै भावुकतामा बहकिएको प्रेम हो भनेर सम्झाउनु ।
- प्रकृतिको रंगमञ्चमा मान्छेले सङ्घर्ष गरेर बाँच्नुपर्ने, प्रकृतिवादी दार्शनिक डेमोक्रिट्सको कुराले सोफोकल्सलाई प्रतिवाद गर्न उत्सुक बनाउनु, सोफोकल्सले आफ्नो पवित्र प्रेमलाई पशुको युद्ध र यौनवृत्तिसँग जोडेको चित्त नबुझेर मान्छे र पशुको स्वभाव एकै भए तिमी र जङ्गली बाघमा पनि फरक छैन त ? भनेर दार्शनिकलाई सोध्नु ।
- दार्शनिक डेमोक्रिट्सले आधारभूत रूपमा प्रकृतिका जीवहरू एउटै सूक्ष्मकणबाट निर्मित हुनु समान छ भने पशुको भन्दा मान्छेमा बुद्धि र विवेक रहनु फरक छ, त्यस्तै तिमी र म पनि एउटै सूक्ष्मकणले बनेका समान छौं तर तिम्रो आत्मालाई कलाको ज्योतिले ढाकेको छ र मेरो आत्मालाई विज्ञान र दर्शनको ज्योतिले ढाकेको छ, त्यसैले हामी समान र फरक दुवै छौं भनेर सोफोकल्सले जवाफ दिनु ।
- सुदूर भविष्यमा एथेन्स सारा विश्वमा फैलिएको हुने, सारा पृथ्वी एथेन्स र स्पार्टा जस्तै नजिक हुने, आकाशका ग्रह, नक्षत्रमा मान्छे यात्रा गर्ने, ग्रह र नक्षत्र टर्की, रोम, मिश्र र अरब जस्ता हुने कुरा दार्शनिकले बताउनु, सोफोकल्सले भोलिका मान्छेको स्वभाव युद्धरत रहन्छ वा शान्तिप्रिय ? फिलिप्स जस्ता राजकुमारको दिन कस्तो रहला ? जस्ता जिज्ञासा राख्नु ।
- दार्शनिकले भोलिको प्रकृतिको आधारभूत नियम आज जस्तै रहने तर प्रकृतिको द्वन्द्वको अवसान कहिल्यै पनि नहुने, संसार परिवर्तनशील रहने तर प्रकृतिको नियम अटल रहने कुरा बताउनु ।
- यो समग्र प्रकृति शिकार र शिकारीमा विभाजित रहेको, शिकारी थोरै र शिकार धेरै रहेको, भोलिका दिनमा सुदूर अन्तरिक्षका थोरै शक्तिशाली प्राणीले हामीलाई नियन्त्रणमा राख्न सक्ने, विज्ञानका सूक्ष्म प्रविधिको प्रयोगले उनीहरूबाट शासित भएको हामीले थाहा पाउन नसक्ने जस्ता कुरा दार्शनिकले गर्नु ।

- हामी हाम्रो सम्भावित विनाशलाई रोक्न केही गर्न सक्दैनौ ? भन्ने जिज्ञासा सोफोकल्सले राख्नु, डायना तिम्री थिइन् फिलिप्सले खोस्दा केही गर्न सक्यौ ? भनेर गरेको दार्शनिकको प्रतिप्रश्नमा सोफोकल्स चुप लाग्नु, प्रकृतिमा शक्तिशाली र विजयीको शासन चल्ने, प्रकृतिले शक्तिशालीलाई नै बचाउने र कमजोरलई पात पतिङ्गतझैँ फ्याँक्ने, शक्ति र सामर्थ्यलाई बुझ्ने प्रकृतिको रङ्गमञ्चमा बाँच्नका लागि आफू कठोर भएर प्रस्तुत हुनुपर्ने कुरा दार्शनिकले डेमोक्रिट्सलाई बनाउनु,
- मान्छेमा आत्माको अमर अणु रहने, मृत्युपछि पनि यो अमर अणु जीवितै रहने, जीवन महान् उद्देश्यप्रति समर्पित भए आत्माको अणु समयातीत र सर्वकालिक भएर सदा जीवित रहने कुरा दार्शनिक डेमोक्रिट्सले गर्नु ।
- डेमोक्रिट्सले आज डाल्फियाको भविष्यवक्ताको जस्तो कुरा गरेको सुनेर सोफोकल्स अचम्मित हुनु, यी वनपाखामा सोफोकल्सले महान देव डायनोससलाई देखेको, डायनोससको हातले आफ्नो मनलाई छोएको, उसको सङ्गीतबाट आफू वशीभूत भएको, ऊ यसै वनमा डुल्दै खेल्दै हिँड्ने देवता भएको कुरा सोफोकलसले बताउनु ।
- सबैभन्दा ठूलो शक्ति प्रकृतिमा समय भएको, आजका शक्तिका महान स्तम्भहरू समयको प्रवाहको भेलमा सबै बगेर अवास्तविक हुने तर कविता धारा मानव हृदयमा अमर भएर बगिरहने, आजका शक्तिशाली राजघराना र राजपुरुषहरू भोलि नङ्ग्रा उप्किएको बाघ जस्ता भएर इतिहासको पानाबाट पुनः ब्युझन कवि कलाकारसँग दयाको भीख मागेर मात्रै खुट्टा टेक्ने जस्ता कुरा दार्शनिक डेमोक्रिट्सले गर्नु ।
- कलाले अमरत्वको वरदान पाएको छ भन्ने सोफोकल्सको कुरा डेमोक्रिट्सलाई सत्य लाग्नु ।
- तिम्रो प्रेम अमर भए डायनालाई कलाको वायुपङ्खी घोडामा चढाएर समयको अन्तिम सीमासम्म यात्रा गराउनु पर्छ र अमर प्रेमी बनेर भोलिको युगमा तिम्रो अगाडि मान्छेले शीर झुकाउने छन् भनेर दार्शनिक डेमोक्रिट्सले सोफोकल्सलाई सम्झाउनु ।
- सोफोकल्सले महान ईश्वर डायनोससको आह्वान गरेर सुरम्य द्वीपमा कविता लेख्न सुरु गर्नु, सोफोकल्सको आराध्य डायनोससले उसको कलालाई अमरत्वको सञ्जीवनी छर्किदिएकाले अब यो कलाको अमर चरो सञ्जीवनी सारस भएर सदा उडिरहने कुरा डेमोक्रिट्सले गर्नु ।

- आफ्नो प्रेमको अमर कहानी र जीवनको सङ्घर्षको कठोर कथा सहरको सभ्यता र मान्छेका माझ पुऱ्याउने आशामा सोफोकल्स र डेमोक्रिट्स मेडोसियाबाट आउने पुराना नाविकको पर्खाइमा रहनु ।
- हरेक दिन जहाज आउने बाटो हेरेर महिना, वर्ष, दुई वर्ष, तीन वर्ष गर्दै दिन बित्नु तर जहाज कहिल्यै पनि समुद्रमा नदेखिनु, सोफोकल्सले ग्रीकका देवतामाथि विश्वास गर्ने भएकाले देवताले उसलाई साहस दिने तर आफूलाई एथेल्सका देवताको सहारा नमिल्ने भएकाले मानवताप्रतिको अटुट आस्था नै आफ्नो बाँच्ने सञ्जीवनी भएको कुरा डेमोक्रिट्सले बताउनु ।
- केही समयको लागि उनीहरू रङ्ग र संवेदनाको अर्कै जादुको दुनियाँमा प्रवेश गर्नु, जादुको दुनियाँ सपनाको दुनियाँमा बिलाउनु, ब्युँझदा शरीर र मन चङ्गा भएको अनुभव हुनु, उठेपछि दार्शनिकले सोफ्फोकल्सलाई यो औषधि धेरै लिन नहुने र थोरै लिए शरीरलाई पुष्टि दिने कुरा गर्नु ।
- एकदिन सोफोकल्स र दार्शनिक कुटीको छेउमा बसेर हतियार ढुङ्गामा साध लगाइरहनु, एक्कासी कुटीमा एउटा ठूलो सारस चरो उडेर आउनु, चराले सोफोकल्सका कविताको ठेलीको पोको बोकेर उड्नु ।
- सोफोकल्सको काव्यको ठेली सारस चराको चुच्चोमा देखेर उसले डराउँदै चरालाई वाण हान्नु तर चरो धेरै माथि पुगिसक्नु, सोफोकल्सले कराएर दार्शनिकसँग सहयोग मागे पनि कविताको ठेली बोकेर उडेको चरो धेरै माथि पुगिसकेको र आकाशमा त्यसको छाया पनि देखिन छाड्नु ।
- सोफोकल्स जमिनमा थचक्क बसेर रुँदै आफ्नो सर्वस्व अनि कल्पनाकी डायनालाई यस चराले लुटेर लग्यो भन्नु, कतै स्वयं डायनोसस सारस चराको रूपमा आएका हुन् कि भन्ने दार्शनिकको मनमा पर्नु र सोफोकल्सलाई सोध्नु, सोफोकल्सको काव्य यहाँ आफूहरूको जीवन जस्तै सडेर जाने थियो भन्दै सोफोकल्सलाई दार्शनिकले उठाउनु ।
- यो कुराले सोफोकल्सको मनमा आशाका किरण छरिनु, अबको जीवन पहिलेजस्तो पट्यारलाग्दो नभएर रोमाञ्चक तथा सपनाले भरिएको हुने कुरा दार्शनिकले सोफोकल्ससँग गर्नु ।

- उक्त घटनाका आधारमा सोफोकल्स र दार्शनिकले सपना र कल्पना निर्माण गर्न सक्ने कुरा गर्नु, यिनै सपनाका थुप्रै संसारले आफूहरूलाई बाँच्न सहज बनाउने कुरा दार्शनिक डेमोक्रिट्सले गर्नु, अन्त्यमा मोबाइलको रिङटोन बजेर लेखक ब्युझेपछि सपना समाप्त हुनु ।

  *(उपन्यासको सम्पूर्ण कथानक लेखकले सात दिनसम्म निदाउँदा देखेको सपनामा आधारित रहेको छ । उनी मोबाइलको घण्टी बज्दा मात्र निन्द्राबाट ब्युँझिएको कुरा अन्त्या खुलाइएको छ)*

## *सारस र सञ्जीवनी* उपन्यासको चरित्र विश्लेषण

कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम नै चरित्र हो । आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ भने पात्रको प्रवृत्ति नै उसको चरित्र हो । कतिपय पात्रहरू नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् भने कतिपय पात्रहरू अनैतिक र खल प्रवृतिका हुन्छन् । कथानकमा क्रिया व्यापारको प्रत्यक्ष सम्बन्ध पात्र वा चरित्रसँग नै गाँसिएको हुन्छ । कथानकको वाहकको रूपमा भूमिका निर्वाह गरेर कथानकलाई अघि बढाउने काम मानव वा मानवेत्तर चरित्रहरूबाट हुन्छ । कथानकभित्र रहेर समाज, संस्कृति, रहनसहन, स्वभाव र मानव सभ्यता चरित्र वा पात्रको सिङ्गो तस्विरमा देखापर्दछ ।

## पात्र वर्गीकरणको आधार

पात्रहरूको वर्गीकरण गतिशील र गतिहीन, यथार्थ र आदर्श अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, परम्परिक र मौलिक रूपले गरिएको पनि पाइन्छ । उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरू पनि महत्वपूर्ण केही आधारहरू हुन भने निम्नलिखित आधारहरू पनि महत्वपूर्ण रहेका छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् (बराल र एटम, २०६०:३९) ।

## लिङ्गका आधारमा

प्राकृतिक रूपमा उपन्यासमा पात्रहरूको जात छुट्याउने आधार नै लिङ्ग हो । पात्रहरूलाई स्त्री र पुलिङ्ग गरेर दुई प्रकारमा विभाजन गरिन्छ । नायक, नायिका, सहनायक,

सहनायिका, खलनायक आदि तौर तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ । पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ (बराल र एटम, २०६६:२२) ।

**कार्यका आधारमा**

उपन्यासमा प्रमुख भूमिका निर्वाह गर्ने मुख्य पात्रका रूपमा प्रमुख पात्रभन्दा कम भूमिका निर्वाह गर्ने गौणपात्रको रूपमा रहन्छन् । कथानकको आदिदेखि अन्त्यसम्म भूमिका निर्वाह गर्ने पात्र नै प्रमुख वा मुख्य पात्र हो । गौणपात्रलाई कथानकबाट हटाउँदा पनि क्षति पुग्दैन ।

**प्रवृत्तिका आधारमा**

यस आधारमा पात्र अनुकुल र प्रतिकुल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक र नकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकुल र अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकुल वा असत् हुन्छ ।

**स्वभावका आधारमा**

देश काल र परिस्थितिअनुसार आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गर्न सक्ने पात्र गतिशील प्राप्त हुन् भने देशकाल र परिस्थितिले परिवर्तन भए एउटै स्वभावमा रहिरहने पात्रलाई गतिहीन पात्र अथवा स्थिर पात्र भनिन्छ ।

**जीवनचेतनाका आधारमा**

यस आधारमा पात्रलाई वर्गीय र व्यक्तिगत गरी वर्गीकरण गरिएको हुन्छ । समाजमा प्रचलित सामाजिक मूल्य र मान्यताअनुसार निश्चित वर्गका निम्ति भूमिका निर्वाह गर्ने पात्र वर्गीकरण पात्र हो । आफ्नो निजी स्वभाव, वैशिष्ट्य र वैयक्तिकताको भूमिका निर्वाह गर्ने पात्र वैयक्तिक पात्र हो । वैयक्तिक पात्रमा नवीनता बढी हुन्छ ।

**आसन्नताका आधारमा**

यस आधारमा पात्रहरू मञ्चीय र नेपथय गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले

नामोच्चारण गरेको पात्र नेपथ्य हुन्छ। मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् (बराल र एटम, २०६६:३०)।

**आबद्धताका आधारमा**

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ। यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन्। बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकलाई खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६:३०)। कृतिमा बाँधिएर मात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ (शर्मा, २०५९:११६)।

यस उपन्यासमा कथानकको सुरुमा लेखक स्वयम् पात्रको रूपमा उपस्थित देखिन्छन्। *सारस र सञ्जीवनी* उपन्यासका पात्रहरूको चरित्र विश्लेषण निम्नअनुसार गरिएको छ :

**सोफोकल्स**

प्रस्तुत उपन्यासमा सोफोकल्सको ज्यादै महत्वपूर्ण भूमिका रहेको छ। यो उपन्यास सोफोकल्सको भूमिकाको सेरोफेरोमा निर्माण भएको छ। सोफोकल्स यस उपन्यासमा प्राचीन ग्रीकको नाटककार तथा कलाकार भएको देखिन्छ। एथेन्सको राजधुमार फिलिप्सले डेमोक्रिट्सकी प्रेमिका डायनालाई प्राप्त गर्नका लागि उसलाई राजद्रोहीको आरोपमा क्रेटस द्वीपमा निर्वासन गरिएको देखिन्छ तर नाविकहरूलाई दया लागेर सोफोकल्सको आग्रहलाई टार्न नसकी उसलाई नियन द्वीपमा छोडिएको देखिन्छ। लिङ्गका आधारमा सोफोकल्स पुरुष पात्र हो भन्ने कुरा डायनाको प्रेमी भएबाट खुलेको देखिन्छ। कार्यका आधारमा सोफोकल्स प्रमुख पात्र देखिन्छ। सोफोकल्स अनुकूल चरित्रको पात्र हो। स्वभावका आधारमा हेर्दा गतिहीन पात्र हो किनभने उसको स्वभाव कुनै परिस्थितिमा पनि बदलिएको देखिँदैन। जीवचेतनाका आधारमा वर्गगत पात्र हो। तत्कालीनको तानाशाहको अत्याचारमा पिल्सिएका जनताहरूको प्रतिनिधित्व सोफोकल्सले गरेको देखिन्छ। आसन्नताका आधारमा सोफोकल्सको प्रत्यक्ष भूमिका रहेकाले यो मञ्चीय पात्र हो। आबद्धताका आधारमा सोफोकल्सलाई बद्ध पात्रका रूपमा चिनिन्छ किनकि उपन्यासबाट उसलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ।

**डायना**

प्रस्तुत उपन्यासमा डायनाको महत्वपूर्ण भूमिका रहेको छ। यो उपन्यासमा डायना सोफोकल्सकी प्रेमिका भएका आधार ऊ स्त्री पात्र हो भन्न सकिन्छ। यस उपन्यासमा सोफोकल्सकी प्रेमिका डायनाको रूप सौन्दर्यबाट मोहित भएको एथेन्सको राजकुमार फिलिप्सले कुटिल चाल रचेर सोफोकल्सलाई निर्वासन गरी डायनालाई प्राप्त गरेको देखिन्छ। कार्यका आधारमा डायना प्रमुख पात्र देखिन्छ। डायना अनुकूल चरित्रकी पात्र हो। स्वभावका आधारमा हेर्दा गतिशील पात्र हो किनभने उसको स्वभाव परिस्थितिमा पनि बदलिए राजकुमार फिलिप्ससँग विवाह गरेको देखिन्छ। जीवचेतनाका आधारमा व्यक्तिगत पात्र हो। आसन्नताका आधारमा यो मञ्चीय पात्र हो। आबद्धताका आधारमा बद्ध पात्रका रूपमा चिनिन्छ किनकि उपन्यासबाट उसलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ।

**डेमोक्रिट्स**

प्रस्तुत उपन्यासमा डेमोक्रिट्सको सहायक पात्र भएर पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ। यो उपन्यासमा डेमोक्रिट्स प्राचीन ग्रीकको दार्शनिक तथा वैज्ञानिक हो। उपन्यासको सुरुमा उसको भूमिका नदेखिए पनि उपन्यासको मध्य भागबाट अन्त्यसम्म देखिन्छ। ग्रीकको तानाशाहले नास्तिक र पथभ्रष्ट भएर जनता भाँडेको आरोपमा उसलाई नियन द्वीपमा निर्वासन गरिएको देखिन्छ। कार्यका आधारमा डेमोक्रिट्स सहायक पात्र देखिन्छ। डेमोक्रिट्स अनुकूल चरित्रको पात्र हो। स्वभावका आधारमा हेर्दा गतिहीन पात्र हो जीवचेतनाका आधारमा वर्गगत पात्र हो। आसन्नताका आधारमा यो मञ्चीय पात्र हो। आबद्धताका आधारमा बद्ध पात्रका रूपमा चिनिन्छ। उपन्यासबाट उसलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ।

**फिलिप्स**

प्रस्तुत उपन्यासमा फिलिप्स सहायक पात्र भएर पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ। यो उपन्यासमा फिलिप्स प्राचीन एथेन्सको राजकुमारको रूपमा कथानकमा देखिएको छ। उपन्यासको सुरुमा उसको भूमिका नदेखिए पनि उपन्यासको सुरुवात भन्दा केही पछिबाट मध्य भागभन्दा केही अघि सम्म यसको भूमिका देखिएको छ। तर उपन्यासको सम्पूर्ण घटना राजकुमार फिलिप्सबाट नै घटेको देखिन्छ। राजकुमार लिएका

आधारमा ऊ पुरुष पात्र हो । कार्यका आधारमा फिलिप्स सहायक पात्र देखिन्छ । फिलिप्स प्रतिकूल चरित्रको पात्र हो। फिलिप्सको खराब प्रवृत्तिका कारण सोफोकल्सको सपना चकनाकुर पार्ने काम भएको छ । उसले सोफोकल्सलाई देशद्रोहको आरोप लगाएर निर्वासन गरी सोफोकल्सकी प्रेमिका डायनालाई विवाह गरेको देखिन्छ। स्वभावका आधारमा हेर्दा गतिशील पात्र हो । जीवचेतनाका आधारमा व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा यो मञ्चीय पात्र हो। आबद्धताका आधारमा बद्ध पात्रका रूपमा चिनिन्छ। उपन्यासबाट उसलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ ।

**मेरियम**

प्रस्तुत उपन्यासमा मेरियमको महत्वपूर्ण भूमिका रहेको छ। यो उपन्यासमा डायनाकी आमा भएका कारण ऊ स्त्री पात्र हो भन्न सकिन्छ । कार्यका आधारमा मेरियम सहायक पात्र देखिन्छे । प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । मेरियमले आफ्नी छोरी डायना विवाह एथेन्सको राजकुमार फिलिप्ससँग गरिदिएर सोफोकल्ससँगको डायनाको प्रेमलाई खण्डित पारेकी छे। स्वभावका आधारमा हेर्दा गतिशील पात्र हो । जीवचेतनाका आधारमा व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा यो मञ्चीय पात्र हो । आबद्धताका आधारमा बद्ध पात्रका रूपमा चिनिन्छ किनकि उपन्यासबाट उसलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ ।

यस उपन्यासमा मानवेत्तर, मानवीय र दैवी पात्रहरूको प्रशस्त मात्रामा प्रयोग गरिएको पाइन्छ । यसरी हेर्दा रचनाकार स्वयम् पनि पात्रको रूपमा उपस्थित भएको देखिन्छ । *सारस र सञ्जीवनी* उपन्यासका पात्रहरूमा प्रोफेसर बर्मा, बृद्ध बिजुवा, क्युपिड, राजकुमारी साइक, एथेन्सका नरनारीहरू, दर्शकहरू, पृथ्वीबासीहरू, भेनस, जियस, सुसारे केटीहरू, ड्युक पेरिस, एड्मन्ड, जर्नल क्रेट्स, ड्युक जर्ज, शैन्य अधिकारीहरू, न्यायमण्डल, एथेन्सका नाविकहरू, मेडोसियाका नाविकहरू, जियस, सारस चरो, डायनोसस, कोरस समूह आदि पर्दछन् ।

## तालिका नं. ४.१

## *सारस र सञ्जीवनी* उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | सोफोकल्स | + | | + | | + | | | | | + | | + | | + | |
| २. | डेमोक्रिट्स | + | | + | | + | | | | | + | | + | | + | |
| ३. | डायना | | + | + | | + | | | + | | | + | + | | + | |
| ४. | मेरियम | | + | | + | + | | | | + | | + | + | | + | |
| ५. | राजकुमार फिलिप्स | + | | + | | + | | | | + | + | | + | | + | |
| ६. | प्रोफेसर वर्मा | + | | | + | | + | | | + | | + | | + | | + |
| ७. | बृद्ध विजुवा | + | | | + | | | + | + | | | + | + | | | + |
| ८. | क्युपिड | + | | | + | | + | + | + | | | + | + | | + | |
| ९. | साइक | | + | | + | | + | + | + | | | + | + | | + | |
| १०. | नरनारी | + | + | | + | | | + | | | | + | | + | | + |
| ११. | दर्शक | | | | + | | | + | + | | | + | | + | | + |
| १२. | पृथ्वीवासी | | | | + | | | + | + | | | + | | + | | + |
| १३. | भेनस | | + | | + | | | + | | + | | + | | + | | + |
| १४. | जियस | + | | | + | | | + | | + | | + | | + | | + |
| १५. | सुसारे केटीहरू | | + | | + | | | + | | + | | + | | + | | + |
| १६. | ड्युक पेरिस | + | | | + | | + | | | + | | + | + | | | + |
| १७. | एड्मण्ड | + | | | + | | + | | | + | | + | + | | | + |
| १८. | जर्नल क्रेट्स | + | | | + | | + | | | + | | + | + | | | + |
| १९. | ड्युक जर्ज | + | | | + | | + | | | + | | + | + | | + | |
| २०. | शैन्य अधिकारी | + | | | + | | + | | | + | | + | + | | | + |
| २१. | न्याय मण्डल | + | | | + | | | + | | + | | + | | + | + | |
| २२. | एथेन्सका नाविकहरू | + | | | + | | | + | + | | | + | + | | + | |
| २३. | मेडोसियाका नाविकहरू | + | | | + | | | + | + | | | + | + | | + | |
| २४. | जियस | + | | | + | | | + | | + | | + | | + | | + |
| २५. | सारस चरो | + | | + | | | + | | + | | | + | + | | + | |
| २६. | डायनोसस | + | | | + | | | + | + | | | + | | + | | + |
| २७. | कोरस समूह | + | | | + | | | + | | + | | + | | + | | + |
| २८. | | | | | | | | | | | | | | | | |

# अध्याय : पाँच

## भाषागत आधारमा *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक विश्लेषण

प्रस्तुत शोधपत्रमा शैलीवैज्ञानिक विश्लेषण गर्दा कृतिमा निहीत भाषिक संरचना र साहित्यिक संरचनाको संयोजन हुन आवश्यक छ । आधारभूत संरचना भाषिक संरचना हो भने साहित्यिक संरचनाचाहिँ शीर्षकृत भएको हुन्छ । शैलीवैज्ञानिक विश्लेषणबाट भाषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असामान्यता, विलक्षणता दिलाउन चयन, विचलन र सामानान्तरताको अहम भूमिका रहन्छ । शैलीवैज्ञानिक विश्लेषणको माध्यमबाट *सारस र सञ्जीवनी*मा निहीत भाषालाई भाषिक चयन, विचलन र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ ।

### चयन

विकल्पमध्येबाट गरिने कुनै एक विकल्पको छनौट नै चयन हो । मोटामोटी रूपमा चयनले अभिव्यक्तिलाई उजिल्याउनका साथै रचनालाई खँदिलो, खिरिलो पारेर सुहाउँदिलो र छरितो रूपमा प्रस्तुत गर्दछ । यसरी अभिव्यक्तिलाई उजिल्याउनका साथै रचनालाई खँदिलो, खिरिलो, सजीव बनाउन सर्जकले असीमित शक्तिले युक्त भाषाको छनोट गरेर रचनालाई प्रभावकारी सार्थक र भावलाइ गति र प्रवाह दिन गरिने उचित एवम् सुहाउँदो छनोटलाई चयन भनिन्छ । “शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर र नजानी पनि छनोट गर्दछ” (शर्मा, २०५९:७) । “विकल्पहरूमध्ये उपयुक्त कुनै एकको छनौट गर्नुलाई चयन भनिन्छ” (अधिकारी, २०६२:२६९) ।

### शब्द चयनका आधारमा *सारस र सञ्जीवनी* उपन्यास

भाषाको न्युनतम एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । रचनालाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भाव अभिव्यक्तिलाई अर्थपूर्ण बनाउन भाषामा उपलब्ध विभिन्न शब्दहरूमध्ये सुविचारित शब्दको छनोटले कृतिलाई रोचक बनाउँछ । *सारस र सञ्जीवनी* उपन्यासमा उपन्यासकार भक्ति शिवाकोटीले शब्द चयनमध्येबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**तत्सम शब्दको चयन**

- देउरालीका हरिया फाँटहरूले वसन्तको स्पर्शमा पुलकित भएका बोटविरुवाका नवपालुवाले हावासँगै हात हल्याउँदै हामी नवआगन्तुकलाई स्वागत गर्दछन् (शिवाकोटी, २०६८:१) ।
- म ग्रीककी आराध्यदेवीलाई शीर झुकाएर नमन गर्दछु (शिवाकोटी, २०६८:९) ।
- यो अप्रत्यासित प्रस्तावले मेरियम केही अतालिन्छिन् साथसाथै उनी असाध्यै खुशी पनि हुन्छिन् (शिवाकोटी, २०६८:२३) ।
- एथेन्सको राजतन्त्रको कलाकार अभिनेताप्रति त नकारात्मक दृष्टिकोण हुनुपर्ने हो ( शिवाकोटी, २०६८:४७) ।

माथि रेखाङ्कित शब्दहरू वसन्त, स्पर्श, पुलकित, नवआगन्तुक, स्वागत, आराध्यदेवी, शीर, नमन, अप्रत्यासित, प्रस्ताव, असाध्ये, राजतन्त्र, कलाकार, अभिनेता, नकारात्मक, दृष्टिकोण आदि शब्दहरू संस्कृतबाट जस्ताको तस्तै आएका छन् । यस्ता शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएका देखिन्छन् । उपन्यासमा सर्जकले आगन्तुक शब्दहरू प्रयोग गरी अभिव्यक्तिलाई तिख्खर, सुस्पष्ट, झरिलो, खिरिलो बनाउने काम गरेको देखिन्छ ।

**तद्भव शब्दको चयन**

- मेरो मानसमा पश्चिमी दुःखान्त नाटकको व्याख्याले एउटा भयङ्कर भुइँचालो ल्याइदिन्छ (शिवाकोटी, २०६८:६) ।
- सायद जङ्गलको बीचमा आगोको धूँवालाई देखेर होला कोही मान्छे टाढाबाट जङ्गलको स्तब्धतालाई चिर्दै कराउँछ (शिवाकोटी, २०६८:४५) ।
- दुवैजनाले ढुङ्ग्रोभरि पानी भरेर खानको लागि बोक्छन् ।

संस्कृतबाट रूप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । माथि रेखाङ्कित शब्दहरू *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त तद्भव शब्दका उदाहरणहरू हुन् । यस्ता शब्दको प्रयोगले उपन्यास सरल, सहज र बोधगम्य बनाउने काम गरेको छ ।

संस्कृत शब्दको 'भूकम्प'बाट तद्भव भएर भुइँचालो, 'जनावर'बाट जन्तु, 'मानव'बाट मनुष्य हुँदै मान्छे, 'पानीयम'बाट पानी भएको देखिन्छ। उक्त शब्दहरूले उपन्यासलाई झरिलो, रोचक र आकर्षक बनाएको देखिन्छ।

### आगन्तुक शब्द चयन

अन्य विविध भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ। सरस र सञ्जीवनी उपन्यासमा पनि धेरै आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ, जुन सार्थक र सुन्दर रूपमा प्रस्तुत भएका छन्,

- पुनः यहाँ आएर माफी मागेपछि, मैले बक्साएपछि मात्र त्यो मान्छे निको हुन्छ, उसको हानी टर्दछ (शिवाकोटी, २०६८:३,४)।
- अचेल सोफोकल्सलाई लाग्दछ - सायद एथेन्स सभ्यताको स्वाद नचाखेको भए जीवन यति कठिन र त्रासदीपूर्ण हुने थिएन (शिवाकोटी, २०६८:६९)।
- म मेरो मोबाइलमा रिङटोन बजेको सुन्छु (शिवाकोटी, २०६८:४८)।

माथिका रेखाङ्कित शब्दहरू *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त आगन्तुक शब्दहरू हुन् जुन अरबी, हिन्दी, ग्रीक र अङ्ग्रेजी भाषाबाट आएका छन्।

'माफी' अरबी भाषाबाट, 'एथेन्स' ग्रीक भाषाबाट, 'सायद' हिन्दी भाषाबाट, 'मोबाइल' अङ्ग्रेजी र 'रिङटोन' अङ्ग्रेजीबाट आएको देखिन्छ। उक्त शब्दहरूले उपन्यासलाई झरिलो, रोचक र आकर्षक बनाएको देखिन्छ।

### झर्रो तथा अनुकरणात्मक शब्दको चयन

कुनै भाषा स्रोतबाट नभएर नेपाली भाषामा आफैँ उत्पन्न भएका शब्दहरूलाई झर्रा शब्द भनिन्छ। कुनै पनि कुराको ध्वनि, आवाज, घटना प्राकृतिक रूपमा उत्पन्न भई उक्त ध्वनिलाई नवकल गरेर जस्ताको जस्तै प्रयोग गर्न सकिने शब्द नै अनुकरणात्मक शब्दहरू हुन्। यस्ता शब्दले भाषालाई स्वादिलो बनाउने गर्दछ। *सारस र सञ्जीवनी* उपन्यासमा उपयुक्त झर्रा तथा अनुकरणात्मक शब्दको प्रयोग भएको छ, जस्तैः

- देउराली सिर्जनशील समाजले कार्यक्रमको आयोजना गरेको थियो (शिवाकोटी, २०६८:१)।

- ऊ घिकँ घिकँ गर्दै रुन थाल्छ (शिवाकोटी, २०६८:५८)
- म बृद्ध बिजुवाको आस्थालाई सम्मान गर्दछु (शिवाकोटी, २०६८:३) ।

'देउराली' र 'बिजुवा' नेपाली झर्रो शब्द हो भने घिकँ घिकँ अनुकरणात्मक शब्द हो। यसले उपन्यासलाई मिठासपन तथा मौलिकता थपेको देखिन्छ ।

**नामको चयन**

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ। कुनै पनि वस्तु गुण भाव स्थितिको परिचय गराउने शब्दलाई नाम भनिन्छ। आधुनिक व्याकरणअनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ। नामलाई साङ्खेय र असाङ्खेय, सजीव र निर्जीव, मानवीय र मानवेत्तर, मूर्त र अमूर्त आदिको आधारमा चार भागमा विभाजन गरिएको पाइन्छ, जस्तैः

- पहिलो दिनको कार्यक्रम अलि छिट्टै सकिन्छ (शिवाकोटी, २०६८:२) ।
- केही क्षणमा नै घाम उदाउँछ (शिवाकोटी, २०६८:४१) ।
- सोफोकल्स समुद्रको पानीमा हात राखेर कसम खान्छ (शिवाकोटी, २०६८:३९) ।
- नखाएको विष मलाई लाग्यो । (शिवाकोटी, २०६८:३७) ।
- सैनिकहरू उसलाई घिसार्दै बन्दीगृहमा लैजान्छन् (शिवाकोटी, २०६८:३४) ।

माथिका रेखाङ्कित शब्दहरू 'पहिलो, दिन, कार्यक्रम, केही, घाम, सोफोकल्स, समुद्र, पानी, हात, विष, म, सैनिक, उस, बन्दीगृह आदि नाम शब्द हुन्। यस्ता शब्दहरूले उपन्यासलाई रोचक बनाएको छ। यस उपन्यासमा नाम शब्दको सही तरिकाले उपयोग गरेको पाइन्छ।

**सर्वनामको चयन**

परम्परागत व्याकरणअनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ। आधुनिक व्याकरणले नाम, उपवाक्य, वाक्यको सट्टामा प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोगको औचित्य नै एउटै अभिव्यक्तिलाई पटक पटक

आवृत्ति एवम् पुनः प्रयोगलाई रोक्नु र रचनालाई छरितो र आकर्षक पार्नु हो । *सारस र सञ्जीवनी* उपन्यासमा पनि प्रशस्त सर्वनामको प्रयोग भएको पाइन्छ, जस्तैः

- उनका पातला दारी अनुहारमा सेतै फुलेका थिए (शिवाकोटी, २०६८:३) ।
- उनीहरू सर्वप्रथम ईश्वर जियस र उनका महान पुत्र डायनोससको महिमा गायन गर्दछन् (शिवाकोटी, २०६८:११) ।
- ऊ राजकुमारीलाई निर्दोष किशोरसुलभ भावमा भन्दछ (शिवाकोटी, २०६८:१३) ।
- "त्यसो नभन मेरियम तिम्री छोरी अभिनेत्री डायना अमूल्य रत्न हुन्, उनी एथेन्सकी सर्वश्रेष्ठ सुन्दरी हुन्, उनी साँच्चै राजकुमारी हुन योग्य छिन् ।" (शिवाकोटी, २०६८:२३) ।

माथिका रेखाङ्कित शब्दहरू ऊ उन, तिम्री जस्ता शब्दहरू सर्वनामका उदाहरणहरू हुन् । यी शब्द नामको सट्टामा प्रयोग भएर उपन्यासलाई रोचक र सार्थक बनाएको देखिन्छ ।

**विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोष सङ्ख्या मात्रा आदि जनाउने पद नै विशेषण हो । विशेषणले वाक्यलाई भरिलो र सुन्दर बनाउँछ । *सारस र सञ्जीवनी* उपन्यासमा पनि विशेषणको प्रयोग प्रशस्त भएको पाइन्छ, जस्तैः

- राजकुमारीको आँखामा हजारौं कमलको सुन्दरताको समग्रता थियो अनि नीलो झीलको गहिराइ थियो (शिवाकोटी, २०६८:१३) ।
- यिनीहरूमा संवेदना हुँदैन यिनीहरू स्वर्गका निर्दयी देवताहरू जस्तै हुन्, (शिवाकोटी, २०६८:१९) ।
- नाविकहरू थुप्रै छाला तथा सिकुटी पाउँदा खुसी हुन्छन् (शिवाकोटी, २०६८:५४) ।

माथिका रेखाङ्कित शब्दहरू हजारौं, सुन्दरता, समग्रता, संवेदना, निर्दयी आदि शब्दहरू विशेषण हुन् जसले उपन्यासलाई रसिलो बनाएको छ ।

**क्रियापदको चयन**

क्रिया भनेको कुनै कार्य प्रक्रिया हुनु हो। कुनै पनि कार्यव्यापारको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अथवा कुनै कार्य हुने वा भएको बारेमा बुझाउने पद नै क्रियापद हो। *सारस र सञ्जीवनी* उपन्यासमा पनि क्रियापदको प्रयोग भएको पाइन्छ, जस्तैः

- मान्छेहरू एथेन्समा प्राचीन कालदेखि नै बस्दै आएका थिए (शिवाकोटी, २०६८:९)।
- पानीको मुहानदेखि अलिपर हराभरा देखिन्छ। त्यहाँ दलदल सिमसारको छेउछाउमा प्रशस्तै चरा पानीहाँसहरू भेटिन्छन् (शिवाकोटी, २०६८:४४)।
- त्यसपछि ड्युक जर्ज बोल्दछ। (शिवाकोटी, २०६८:२२)।
- सोफोकल्स अब तिमीले यो एकान्त द्वीपको हाम्रो जीवनीगाथालाई कलाको सञ्जीवनी जल छर्केर अमर बनाउने बेला आइसकेको छ (शिवाकोटी, २०६८:६७)।

माथि रेखाङ्कित बस्दै, देखिन्छ, भेटिन्छन्, बोल्दछ, छर्केर, बनाउने, आइसकेको छ शब्दहरू क्रियापद हुन्। यस्ता क्रियापदको प्रयोग  सार्थक रूपमा भएको देखिन्छ।

**क्रिया विशेषणको चयन**

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता बुझाउने अविकारी शब्द क्रिया विशेषण हुन्। *सारस र सञ्जीवनी* उपन्यासमा प्रयोग भएका केही क्रिया विशेषणहरू निम्न छन्, जस्तैः

- यो अप्रत्यासित प्रस्तावले मेरियन केही अतालिन्छिन् साथैसाथै उनी असाध्यै खुसी पनि हुन्छिन् (शिवाकोटी, २०६८:२३)।
- ऊ आत्मविश्वासको निर्धक्क हाँसो हाँस्दछ (शिवाकोटी, २०६८:५५)।

माथिका रेखाङ्कित शब्दहरू अप्रत्यासित, असाध्यै, निर्धक्क क्रिया विशेषण हुन्। यी शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएका पाइन्छन्। यस्ता शब्दहरूले उपन्यास रोचक र सुन्दरता थपेको देखिन्छ।

**निपातको चयन**

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो। आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई द्योतन गर्ने काम यसले गर्दछ। *सारस र सञ्जीवनी* उपन्यासमा पनि निपातको प्रयोग प्रशस्त पाइन्छ, जस्तैः

- यहाँको त तपाई हैन यहाँका त म चिन्छु (शिवाकोटी, २०६८:३)।
- सोफोकल्स यहाँ मृत्युलाई छक्याएर बाँच्नु चै ठूलो सफलता हो (शिवाकोटी, २०६८:६०)।
- अब त्यही माया प्रेममा नै पहिरो आएपछि जीवन भन्ने सुख भन्ने चिज नै पो के छ ? (शिवाकोटी, २०६८:४३)।
- तर आधारभूत स्वभाव त समान छ नि ? (शिवाकोटी, २०६८:६२)।

माथिका रेखाङ्कित शब्दहरू त, चै, तर, नै, पो, नि आदि निपातहरू हुन्। यी शब्दले उपन्यासलाई रोचक बनाएको छ।

**वाक्य चयन**

नेपाली भाषामा वाक्य सबैभन्दा ठूलो व्याकरणिक सार्थक एकाइ हो (शर्मा, २०५१:८२)। व्याकरणिक संरचनामा वाक्य लघुत्तम भाषिक एकाइ हो। वाक्यको संचरना पूर्ण हुने हुँदा यो स्वतन्त्र एकाइ हो। वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ। लोकोक्ति, उखान आदिलाई पनि वाक्यकै तहमा रहेर शैलीवैज्ञानिक अध्ययन गरेको पाइन्छ। वाक्य एक शब्ददेखि निर्माण भएको पाइन्छ। यस *सारस र सञ्जीवनी* उपन्यासमा विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरिएको पाइन्छ, जस्तैः

**सरल वाक्य**

एक उद्देश्य र एक विधेय भएको अर्थात् एउटै मात्र समापिका (अर्थ पूरा गर्ने) क्रिया भएको वाक्यलाई सरल वाक्य भनिन्छ, जस्तैः

- उनको अनुहारमा विद्वताको तेज झल्किन्थ्यो।

माथिको वाक्यमा अभिनेत्री डायनाको अनुहारको सुन्दरताको वर्णन गर्ने क्रममा उक्त अभिव्यक्ति पाइन्छ। उक्त वाक्यमा उनको बिधेय भाग हो भने तेज झल्किन्थ्यो चाहिं उद्देश्य भाग हो। त्यसैले यसलाई राख्न सकिन्छ।

**मिश्र वाक्य**

एउटा मुख्य उपवाक्य र दोस्रो आश्रित वा अधिन उपवाक्यलाई सापेक्ष संयोजन गर्ने (जब-जब, जस-त्यस/उस, जो-ऊ आदि) ले जोडिन्छ भने त्यस्तो वाक्यलाई मिश्रवाक्य भनिन्छ, *सारस र सञ्जीवनी* उपन्यासमा पनि प्रसस्त मिश्रवाक्यको प्रयोग भएको पाइन्छ । जस्तैः

- सोफोकल्स दार्शनिक डेमोक्रिट्सको भोलिप्रतिको आशा देखेर अचम्मित तथा उत्सुक हुन्छ (शिवाकोटी, २०६८:६१) । यस वाक्यमा देखेर र तथा जस्ता सापेक्ष संयोजक आएका हुनाले यो वाक्यलाई मिश्र भनिन्छ ।

**संयुक्त वाक्य**

दुई वा दुईभन्दा बढी सरल वाक्यहरूलाई निरपेक्ष संयोजक (र, तर, पनि, अनि, हुन त, तापनि, किनभने, त्यसैले, किनकि, तथापि आदि) ले जोडेर एक सिङ्गो वाक्य बनाइन्छ भने त्यसलाई संयुक्त वाक्य भनिन्छ । *सारस र सञ्जीवनी* उपन्यासमा प्रयोग भएका संयुक्त वाक्यको उदाहरण निम्नानुसार रहेको छ । जस्तैः

- एकान्त द्वीपमा विस्तारै घाम पनि घट्दै जान्छ । (शिवाकोटी, २०६८:४०
- तर उसको आदिम कुटीलाई छोडेर सिरेटो त्यहाँ आई पुग्दैन । (शिवाकोटी, २०६८:४०) यस्ता संयुक्त वाक्यहरू *सारस र सञ्जीवनी* उपन्यासमा प्रसस्त पाइन्छन् । माथि रेखाङ्कित गरिएका संयोजक पनि, तर, जस्ता
- उज्यालो त भयो, अब के गर्ने ? (शिवाकोटी, २०६८:४१)
- माथि रेखाङ्कित गरिएका संयोजक पनि, तर, त जस्ता निरपेक्ष संयोजकले वाक्यहरूलाई सयुक्त वाक्य बनाउने काम गरेका छन् ।

यसरी *सारस र सञ्जीवनी* उपन्यासमा सरल, संयुक्त र मिश्र वाक्यहरूको प्रयोग पाइन्छ भने यसमा एकशब्दे वाक्यको पनि प्रयोग गरिएको पाइन्छ, जस्तैः

**एकशब्दे वाक्य**

- धोकेबाज । (शिवाकोटी, २०६८:४३)
- उफ ! (शिवाकोटी, २०६८:१६) ।
- जीवन । (शिवाकोटी, २०६८:४३)

माथिका वाक्यहरू *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त एकशब्दे वाक्यका उदाहरणहरू हुन् ।

**लामो वाक्य**

यस *सारस र सञ्जीवनी* उपन्यासमा सरल, संयुक्त, मिश्रवाक्यका साथै एक शब्दे वाक्य र लामा वाक्यको प्रसस्त प्रयोग भएको पाइन्छ । लामो वाक्यको उदाहरण तल दिईएको छ :

-प्रकृतिवादी दार्शनिक डेमोक्रिट्स सोफोकल्सको तर्क सुनेर मुस्कुराउँछ र उसलाई स्नेहपूर्वक भावमा हेर्दै भन्दछ, सोफोकल्स दार्शनिक डेमोक्रिट्स र वनको बाघमा आधारभूत रूपमा फरक छ र फरक छैन । (शिवाकोटी, २०६८:६०) ।

माथिको वाक्यलाई लामो वाक्यका रूपमा देख्न सकिन्छ, किनकि यस वाक्यमा अधिक शब्द र संयोजक लागेका छन् ।

***सारस र सञ्जीवनी* उपन्यसमा प्रयुक्त चिन्ह चयन**

वाक्यले भन्न खोजेका भाव र अर्थलाई खुलासा गर्न, वाक्यमा अडान र अभिव्यक्तिलाई पूर्णता दिनका निम्ति चिन्हको प्रयोग गरिन्छ । *सारस र सञ्जीवनी* उपन्यासमा चिन्हहरूको प्रयोग सार्थक रूपमा गरिएको पाइन्छ। उपन्यासमा प्रयुक्त चिन्हहरूको प्रयोगलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

**बिन्दु चिन्हको चयन**

वाक्यलाई छोटो पार्न र केही कुरा अव्यक्त राख्न यो चिन्हको प्रयोग गरिन्छ। *सारस र सञ्जीवनी* उपन्यासमा (.....) चिन्हको प्रयोग रचनाकारले प्रसस्त गरेको पाइन्छ, जस्तैः

- त्यसो भए .... तिमीले मलाई अझ जिज्ञासु बनायौ (शिवाकोटी, २०६८:६१) ।
- हिउँ...., चिसो......., कठोर....., धोकेबाज......। हे समुद्रकी देवी........डायनालाई बिर्सिदेउ । (शिवाकोटी, २०६८:४३) ।
- वनमान्छे........ऊ आफैसँग डराउँछ । (शिवाकोटी, २०६८:४२) ।
- अँ......अस्ति शरदमा हामी एथेन्स पुगेका थियौं । (शिवाकोटी, २०६८:५५) ।

- मलाई विचार गर..........मलाई त एथेन्सका देवताहरूले सहारा दिंदैनन् । (शिवाकोटी, २०६८:७०) ।

यसरी बिन्दु चिन्हको प्रयोग गरी रचनाकार भक्ति शिवाकोटीले उपन्यासलाई सुन्दर, रोचक बनाउनुका  साथै अभिव्यक्तिलाई सार्थक बनाएका छन् ।

**प्रश्नसूचक चिन्ह चयन**

प्रश्न सोध्दा र प्रश्नबाट आवेग, शङ्का र व्यङ्ग्य गर्दा प्रयुक्त गरिने चिन्हलाई प्रश्नसूचक चिन्ह भनिन्छ। *सारस र सञ्जीवनी* उपन्यासमा प्रयोग गरिएका प्रश्नसूचक चिन्हहरू निम्नअनुसार छन्, जस्तैः

- सर ईश्वर पनि अन्यायी हुन्छ र ? (शिवाकोटी, २०६८:२)
- सर ईश्वर पनि ईर्ष्यालु हुन्छ ? (शिवाकोटी, २०६८:२) ।
- नानी कहाँबाट आउनु भा'को ?(शिवाकोटी, २०६८:३) ।
- अब त्यही माया प्रेममा नै पहिरो गएपछि जीवनमा सुखद भन्ने चिज नै के छ र ?( शिवाकोटी, २०६८:४३) ।
- बाँचेकै छौ, जङ्गलका राजा ? (शिवाकोटी, २०६८:४५) ।

यसरी सारस र सञ्जीवनी उपन्यासमा प्रसस्त रूपमा प्रश्नवाचक चिन्हहरू आएर कृतिलाई सार्थक रोचक बनाएका छन् ।

**विस्मयादिबोधक चिन्ह चयन**

हर्ष, विस्मात, घृणा, आश्चार्य, दुःख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिन्ह नै विस्मय चिन्ह हो। *सारस र सञ्जीवनी* उपन्यासमा प्रयोग गरिएका यस्ता चिन्हहरूको निम्नानुसार छन्, जस्तैः

- उफ ! यो कस्तो जीवनको उद्वेग ! (शिवाकोटी, २०६८:१६)
- यो कस्तो भेदन गर्न नसकिने जादु ! (शिवाकोटी, २०६८:१६) ।
- यो कस्तो उद्दीप ! (शिवाकोटी, २०६८:१६) ।

- "उडेर ! " (शिवाकोटी, २०६८:४) ।
- यो कस्तो आग्रह ! (शिवाकोटी, २०६८:७) ।
- यो कस्तो आशा ! (शिवाकोटी, २०६८:७) ।

यसरी विस्मयादिबोधक चिन्हको प्रयोगले *सारस र सञ्जीवनी* उपन्यासको विविध अभिव्यक्तिलाई सार्थक तुल्याएको छ ।

**उद्धरण चिन्हको चयन**

उद्धरण चिन्ह दुई किसिमका हुन्छन् । कसैको भनाइ जस्ताको तस्तै समावेश गर्नु परेमा दोहोरो चिन्हको प्रयोग गरिन्छ भने ऐतिहासिक महत्वका कुराहरू समावेश गर्नु परेमा एकोहोरो चिन्हको प्रयोग गरिन्छ । *सारस र सञ्जीवनी* उपन्यासमा दोहोरो उद्धरण चिन्हको प्रयोग प्रशस्त गरिएको पाइन्छ, जस्तैः

- "युवक डायना त तिम्री थिइन्, राजकुमार फिलिप्सले खोस्दा केही गर्न सक्यौ ?" ( शिवाकोटी, २०६८:६४-६५)
- उ म सँग बडो सौम्य आग्रहको बोल्न सुरु गर्छ "म ग्रीकको प्राचीन नाटककार तथा कलाकार सोफोकल्स सर्वप्रथम तपाईंलाई अभिवादन गर्दछु । म कालखण्डको लामो दुरी पार गरेर तपाईंलाई भेट्न आएको हुँ । तपाईंसँग म केही आशा र आग्रह लिएर आएको छु ।" (शिवाकोटी, २०६८:७) ।

यसरी माथिका वाक्यहरूमा म पात्रको रूपमा प्रस्तुत भएका उपन्यासकारलाई प्राचीन ग्रीकको नाटककार तथा कलाकार सोफोकल्सले आफू समय र स्थानको दुरीलाई मेटेर आफूलाई कलाका माध्यमबाट २१ औं शताब्दीमा अवतरण गराउनका लागि गरिएको आग्रहको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

**योजक चिन्हको चयन**

कुनै पनि शब्दलाई दोहोऱ्याएर प्रस्तुत गर्नु परेमा (-) योजक चिन्हको प्रयोग गरिन्छ, यसले शब्द र वाक्य जोड्ने काम गर्छ, जस्तैः

- "युवक गरमको बेला छ- मासुलाई सिकुटी बनाएर राख्नुपर्छ ।" (शिवाकोटी, २०६८:५१)

- “मान्छेहरू भन्दछन्-भूतप्रेत लागेर रोग लाग्दछ ।” (शिवाकोटी, २०६८:५१) ।
- ऊ सोफोकल्सलाई भन्दछ “सोफोकल्स प्रचण्ड घामले आँखाको डिललाई पुरै डढाउँछ-यो अँगारको धुलोले आँखाको डिललाई रक्षा गर्छ- डढ्न दिंदैन ।”

यसरी यस *सारस र सञ्जीवनी* उपन्यासमा भक्ति शिवाकोटीले योजक चिन्हको प्रयोग गरेर कृतिलाई सार्थक र सुन्दर बनाएका छन् ।

**चन्द्रबिन्दु चिन्हको चयन**

नासिक्य उच्चारणका लागि यो चन्द्रबिन्दु (ँ) चिन्हको प्रयोग गरिन्छ । *सारस र सञ्जीवनी* उपन्यासमा यसको प्रयोग प्रशस्त भेटिन्छ, जस्तैः

- उक्त नाट्यशालाको म आफैँ कलाकार तथा नाटककार हुँ अनि अहिले तिमीसँग दर्शक पनि भइरहेको छु । (शिवाकोटी, २०६८:१०)
- बाँच्ने आधार त हुन्थ्यो । (शिवाकोटी, २०६८:६९) ।
- तर म तिमीसँग सहमत छैन दार्शनिक । (शिवाकोटी, २०६८:६०) ।

**विसर्ग चिन्हको चयन**

- ग्रीकको दुःखान्त नाट्य विधा उनीहरूको जीवन दर्शनसँग सम्बन्धित छ (शिवाकोटी, २०६८:२) ।
- झुपडी मानव निर्मित हैन त्यहींको प्रकृतिबाट स्वतः निर्मित एउटा प्राकृतिक वस्तु जस्तो लाग्दथ्यो । (शिवाकोटी, २०६८:२) ।
- पुनः यहाँ आएर माफी मागेपछि, मैले बक्साएपछि मात्र त्यो मान्छे निको हुन्छ, उसको हानी टर्छ । (शिवाकोटी, २०६८:३) ।

माथि रेखाङ्कित शब्दहरूमा विसर्ग चिन्हको प्रयोग भएको देखिन्छ । उपन्यासकार शिवाकोटीले आफनो कृति *सारस र सञ्जीवनी*मा प्रङ्सगअनुसार विसर्गको प्रयोग गरेको देखिन्छ ।

## विचलन

प्रचलित ढाँचालाई उटलपुटल पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो (भण्डारी र अन्य, २०६८:३८)। मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९:८१)।

भक्ति शिवाकोटीद्वारा लिखित उपन्यास *सारस र सञ्जीवनी* एक प्रयोगवादी उपन्यास भएकाले यो कृति आफैं पनि मानक विचलन भएको उपन्यास हो किनकि उपन्यासको कथानक, पात्र, घटनाक्रम आदि परम्परागत उपन्यास लेखनको नियमलाई तोडेर नयाँ किसिमले रचना गरिएको उपन्यास हो। यस उपन्यासमा घटेका घटनाहरू क्रमिक र शृङ्खलाबद्ध नभएर व्यक्तिक्रमिक भएका छन्। कथानक स्वैरकल्पनात्मक किसिमको देखिन्छ। रचनाकारबाट नेपाली आख्यान तथा प्राचीन ग्रीक आख्यानको मिश्रण गरेर उपन्यासमा दर्शन, राजनीति, इतिहास, कला आदिको सुन्दर प्रस्तुतिले नौलो र रोचक तरिकाले तयार गरिएको पाइन्छ। यस उपन्यासमा रहेका विचलनहरू निम्नानुसार छन्:

### व्याकरणिक विचलन

भाषा व्याकरणद्वारा नै व्यवस्थित हुन्छ। व्याकरणिक नियमको सार्थक प्रयोग नै भाषा हो। प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्था हुन्छन्। व्याकरणिक नियमको उल्लङ्घन नै व्याकरणिक विचलन हो। *सारस र सञ्जीवनी*मा प्रयुक्त भाषालाई कतै कतै व्याकरणिक व्यवस्था विचलन गरेर आलङ्कारिकता, लालित्यता, गाम्भीर्यताले पूर्ण बनाउने कार्य गरिएको देखिन्छ:

जस्तै:

- देउराली उपत्यकाको उचाइमा अवस्थित थियो हाम्रो कार्यक्रम स्थल (शिवाकोटी, २०६८:१)।

यस वाक्यमा कर्ता, कर्म र क्रियाको विचलन देखिन्छ। यस वाक्यलाई कर्ता, कर्म र क्रियाको व्यवस्थित क्रममा राख्दा "हाम्रो कार्यक्रम स्थल देउराली उपत्यकाको उचाईमा अवस्थित थियो।" यस वाक्यमा 'हाम्रो' कर्ता, 'कार्यक्रम स्थल देउराली उपत्यकाको उचाईमा अवस्थित' कर्म , 'थियो' क्रियाका रूपमा देखिन्छन्।

यहाँ वरिपरिको गाउँलेहरूलाई अक्षता मैले नफुकेको कोही पनि छैन (शिवाकोटी, २०६८:३) । यस वाक्यमा कर्ता, कर्म र क्रियाको विचलन देखिनुका साथै वचन विचलन पनि देखिन्छ । जस्तैः 'वरिपरिका गाउँलेहरू हुनुपर्नेमा वरिपरिको गाउँलेहरू' लेखिएको देखिन्छ ।

मेरो गुरु वनझाँक्री यहाँ छ्यास्छ्यास्ती नै छन् । (शिवाकोटी, २०६८:३) ।

यस वाक्यमा 'मेरा गुरु' हुनुपर्नेमा 'मेरो गुरु' भएकाले आदर विचलन देखिन्छ ।

यसरी उपन्यासकार भक्ति शिवाकोटीले आफ्नो उपन्यास *सारस र सञ्जीवनी* मा व्याकरणिक विचलनको प्रयोग कतै कतै गरेको पाइयो ।

**ध्वनि प्रक्रियात्मक विचलन**

विचार सम्प्रेषणको माध्यम नै ध्वनि हो । ध्वनिको सार्थक प्रयोग नै भाषा हो । मानकको भाषिक एकाइ ध्वनिबाट नै सार्थक बन्न पुगेको हुन्छ । यसरी भाषिक उच्चारणमा हुने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । साहित्यकारले रचनालाई सारगर्भित र चमत्कारिक बनाउन मानक भाषाको प्रयोग साथसाथै कथ्य भाषाको प्रयोग गरेका हुन्छन् । कथ्य भाषाको प्रयोगले साहित्यिक रचनालाई जनजिब्रोमा भिजाउँछ र लयालु बनाउँछ । यस *सारस र सञ्जीवनी* उपन्यासको विश्लेषणमा यो विचलन त्यति धेरै नपाइए पनि केही मात्रामा पाइएको देखिन्छ । जस्तैः

नानी कहाँबाट आउनु भा' को (शिवाकोटी, २०६८:३) । यस वाक्यमा 'नानी कहाँबाट आउनुभएको ?' हुनुपर्नेमा 'भा'को' 'ए' ध्वनि लोप भएको देखिन्छ । यस्तो प्रयागले उपन्यासको अभिव्यक्तिलाई सार्थक नै बनाएको देखिन्छ ।

**अर्थतात्विक विचलन**

अर्थका सिलसिलामा देखिने विचलन अर्थतात्विक विचलन हो । अर्थतात्विक विचलनलाई आर्थी विचलन पनि भनिन्छ । कुनै पनि विषयको सन्दर्भ, परिस्थिति, पृष्ठभूमि आदि कारणले गर्दा शब्दले दिने अर्थमा अर्थान्तर हुन जान्छत । व्याकरणिक तरिकाबाट मानक अर्थ वा वाच्यार्थमा हुने विचलनलाई नै निष्कर्षमा अर्थतात्विक विचलन भनिन्छ, जस्तैः

हामी कवि कलाकारहरू यही मृत्युको अँध्यारो माथि जीवनको क्षणिकतामाथि पनि वसन्तको जलप लगाएर जीवनको अमर गीत गाउन खोज्द छौं (शिवाकोटी, २०६८:४३) ।

यस वाक्यमा मृत्यलाई अँध्यारो देख्नु, वास्तविक जीवनलाई क्षणिकता देख्नु र बसन्तमा जलप लगाउनु भन्ने कुरा असम्भव भएकाले यसले व्यञ्जनात्मक भएर मात्र सही अर्थ द्योतन गर्छ। त्यसैले यो वाक्यमा अर्थतात्विक विचलन देखिन्छ।

वसन्तोत्सवमा के तपाईंहरू मलाई मुटुभरि माया खन्याउनु हुन्नथ्यो ? (शिवाकोटी, २०६८:३७)।

यस वाक्यमा वसन्तोत्सवमा सोफोकल्सले आफूलाई मुटुभरि माया खन्याउनु हुन्नथ्यो, चाहिं अर्थतात्विक विचलन देखिन्छ । मुटुभरि माया खन्याउनु भन्ने कुरा वास्तविक नभएर व्यञ्जनात्म देखिन्छ।

यसरी उपन्यासकार भक्ति शिवाकोटीले यस्ता अर्थतात्विक विचलनहरूको प्रसस्त मात्रामा प्रयोग आफ्नो उपन्यास *सारस र सञ्जीवनी* मा  गरेको पाइन्छ।

**समानान्तरता**

भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ। त्यसैले समानान्तरता भनेको बढी नियमितताको पालना हो। छन्द, अलङ्कार आदि अन्तर्गत गरिने अथवा अन्य प्रकारका पनि पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (शर्मा, २०५९:८)। भाषिक प्रयोगमा देखिने समानान्तरता दुई प्रकारका छन्, आन्तरिक र बाह्य।

**आन्तरिक समानान्तरता**

आन्तरिक समानान्तरता भन्नाले साहित्यिक कृतिमा कान्ति वा चमक सृजना गर्न वाच्यार्थ वा भावार्थको पुनरावृत्तिलाई जनाउँछ। अर्थतात्विक सिलसिलामा छन्द, अलङ्कार आदिलाई लिन सकिन्छ। यो वाक्यात्मक तहको अर्थगत पाटोमा उत्पन्न हुन्छ। यस *सारस र सञ्जीवनी* उपन्यासमा उपन्यासकार भक्ति शिवाकोटीले आन्तरिक समानान्तरताको प्रयोगले औपन्यासिक भाषालाई देदीप्यमान र आलङ्कारिक बनाएको देखिन्छ, जस्तैः

- ऊ लेख्छ प्रेम वियोग र आँसुको कहानी (शिवाकोटी, २०६८:६८)।

यस वाक्यमा सोफोकल्सको दुःखद जीवनको कहानीकै लागि 'प्रेम वियोग' र 'आँशु' शब्दहरू पुनरावृत्त भएर आएको देखिएकाले आन्तरिक समानान्तरता पाइन्छ । त्यहाँ

उनी देख्छन् सारा मानव जीवनको अनिश्चितताको सजीव प्रस्तुति । (शिवाकोटी, २०६८:६८) ।

यस वाक्यमा प्रस्तुत भएको 'सजीव' र 'अनिश्चितता' जस्ता शब्दहरू मानव जीवनका लागि प्रयोग गर्नु नै आन्तरिक समानान्तरता भन्ने बुझिन्छ । यसरी *सारस र सञ्जीवनी* उपन्यास आन्तरिक समानान्तरताले परिपूर्ण र रोचक देखिन्छ । यसरी सारस र सञ्जीवनी उपन्यास आन्तरिक समानान्तरताले परिपूर्ण र रोचक देखिन्छ ।

**बाह्य समानान्तरता**

शब्द, रूप, पदावली, वाक्य आदिको नियमबद्ध पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । रचनाकारले आफ्नो रचनामा शब्द, अलङ्कार र अनुप्रासयुक्त बनाउन पनि बाह्य समानान्तरताको प्रयोग गरिएको पाइन्छ । बाहय समानान्तरताले भाषिक अभिव्यक्तिलाई सुन्दर र सुस्पष्ट पार्ने काम गर्दछ । यस *सारस र सञ्जीवनी*मा प्रयुक्त बाह्य समानान्तरता प्रशस्तै पाइन्छ, जस्तैः

- त्यही एकनासको जीन्दगी, त्यही जङ्गलको सन्नाटा, त्यही आशा तथा सपना मरेको जीन्दगीको हरेक दिनको पुनरुक्ति (शिवाकोटी, २०६८:६९) ।

यस वाक्यमा 'त्यही' पद तीन पटक, 'जिन्दगी'  दुई पटक दोहोरिएर बाह् समानान्तरता प्रयोग भएको देखिन्छ । त्यसै गरी वर्णका तहमा पनि 'ज' र 'ग' वर्णहरू धेरै पटक दोहोरिएको देखिन्छ ।

## अध्याय : छ

## सारांश, निष्कर्ष र उपयोगिता/सुझाव

### सारांश

सर्जकले सिर्जनालाई विशिष्ट बनाउन भाषिक एकाइको राम्रोसँग संयोजन गर्नुपर्ने हुन्छ । भाषिक प्रस्तुतीकरणले कृति भिन्न, आकर्षक, गहकिलो र चम्किलो हुन्छ । शब्द, पदावली, वाक्य जस्ता भाषिक एकाइको चयनले कृति निख्खर हुन्छ । *सारस र सञ्जीवनी* उपन्यासमा भाषिक चयनका आधारमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको चयन औचित्यपूर्ण रहेको पाइन्छ । नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, पदवर्गको चयनमा मानक भाषाको नै बढी प्रयोग पाइन्छ । समानान्तरता र विचलन उपयुक्त रहेको पाइन्छ । चिन्हहरूको प्रयोगमा सबै चिन्हहरू कृतिमा प्रयुक्त छन्, जस्तैः प्रश्न चिन्ह, बिन्दु चिन्ह पूर्णविराम, अर्धविराम, योजक चिन्ह, विस्मयादिबोधक चिन्ह, विसर्ग, अनुस्वार, चन्द्रबिन्दु जस्ता सबै चिन्हको संयोजनले कृति सुन्दर छ । वाक्य गठनमा एक शब्देदेखि सरल, संयुक्त, मिश्र वाक्यका साथै धेरै लामालामा वाक्यको प्रयोग पनि पाइन्छ ।

ग्रीक आख्यान र नेपाली आख्यानलाई मिश्रण गरेर तयार गरिएको यस कृतिमा रहेका मानवीय मानवेत्तर पात्रहरू तथा ईश्वरीय जस्ता अदृश्य पात्रहरूको प्रयोगमा अत्याधिक पात्रहरू प्राचीन ग्रीक आख्यानबाट लिइएका छन् । ग्रीक सभ्यताको प्राचीन इतिहास, दर्शन, विज्ञान, आख्यान, साहित्य तथा नेपाली लोक आख्यानले कृति नौलो, सुन्दर र आकर्षक छ । यसैले यो कृति प्रयोगवादी कृति भन्दा फरक नपर्ला । यो *सारस र सञ्जीवनी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण गर्ने क्रममा कथावस्तु र चरित्रको तत्वगत आधारमा विश्लेषण गरी चयन, विचलन र समानान्तरताको औपन्यासिक अध्ययन, विश्लेषण तथा सैद्धान्तिक रूपरेखा समेत प्रस्तुत गरिएको छ । उक्त *सारस र सञ्जीवनी* उपन्यासको विश्लेषणका क्रममा शोधकार्यको परिचय, पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, भाषाविज्ञानको सैद्धान्तिक रूपरेखा समेत प्रस्तुत गरिएको छ ।

यसरी शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा *सारस र सञ्जीवनी* उपन्यासको अनुसन्धानलाई पूर्णता दिन पुस्तकालयीय विधि प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा उपन्यासकार भक्ति शिवाकोटीद्वारा लिखित उपन्यास *सारस र सञ्जीवनी* २०६८

सालमा वनिता प्रकाशनले प्रकाशमा ल्याएको पुस्तकाकार कृतिलाई लिइएको छ। त्यसैगरी द्वितीय स्रोतको रूपमा शैलीविज्ञान, प्रायोगिक भाषाविज्ञान र यस उपन्यासका बारेमा भएका विभिन्न लेख, टिकाटिप्पणी तथा अन्य उपन्यास, कथा आदिका शैलीविज्ञान सम्बन्धी शोधपत्रहरू लिइएको छ। निरङ्कुश राजशाहीको अत्याचारले निर्दोष जनता माथि भएको क्रूर र अमानवीय व्यवहारको पराकाष्ठा नै उपन्यासको मूल मर्म हो। उपन्यासमा कला, विज्ञान र दर्शन जस्ता अमूल्य निधिलाई सत्ता, शक्ति, सम्पत्ति र अदृश्य ईश्वरप्रतिको अन्धभक्तको क्रूर पञ्जाले गाँजेर कसरी त्यसलाई खरानी बनायो भन्ने कुरा स्पष्ट देखिन्छ।

हरेक दृष्टिकोणबाट हेर्दा *सारस र सञ्जीवनी* उपन्यास एक उत्कृष्ट रचनाको रूपमा उभिन सफल देखिन्छ। नेपाली उपन्यासको फाँटमा स्वच्छन्दतावादी र यथार्थवादी उपन्यासकारका रूपमा उभिन सफल भक्ति शिवाकोटीको यो *सारस र सञ्जीवनी* उपन्यास एक गहकिलो कृतिका रूपमा रहे पनि यस कृतिको भनेजस्तो चर्चा परिचर्चा र लेखाजोखा हुन बाँकी देखिन्छ। मोफसलमा प्रकाशित कृतिको नियति यस कृतिले भोग्न बाध्य देखिन्छ। धुलोमा पुरिएको यो कृति अवश्य पनि एक दिन ऐनाजस्तो टल्किने छ र पारदर्शी बन्ने छ। भक्ति शिवाकोटीद्वारा रचित *सारस र सञ्जीवनी* उपन्यास एक प्रयोगवादी, स्वैरकल्पनात्मक र उत्कृष्ट रचना भएका कारण पाठ्यांश प्रयोजनका निमित्त पनि समावेश गर्न सकिने देखिन्छ। यो उपन्यास जटिल किसिमको रहेको र यसमा कला, विज्ञान, दर्शन, इतिहास, राजनीति र नेपाली तथा ग्रीक लोकआख्यानलाई मिश्रण गरी तयार गर्ने क्रममा स्वैरकल्पनात्मक र यथार्थवादी शैलीको प्रचुर मात्रामा उपयोग देखिन्छ। प्रस्तुत उपन्यास अन्य तहका लागि भन्दा स्नातकोत्तर तहमा नै यसलाई पाठ्यांश प्रयोजनका लागि उपयोग गर्नु सान्दर्भिक देखिन्छ।

## निष्कर्ष

हरेक दृष्टिकोणबाट हेर्दा *सारस र सञ्जीवनी* उपन्यास एक उत्कृष्ट रचनाको रूपमा उभिन सफल देखिन्छ। नेपाली उपन्यासको फाँटमा स्वच्छन्दतावादी र यथार्थवादी उपन्यासकारका रूपमा उभिन सफल भक्ति शिवाकोटीको यो *सारस र सञ्जीवनी* उपन्यास एक गहकिलो कृतिका रूपमा रहेको पनि यस कृतिले भनेजस्तो चर्चा परिचर्चा र लेखाजोखा हुन बाँकी देखिन्छ। मोफसलमा प्रकाशित कृतिको नियति यस कृतिले भोग्न बाध्य देखिन्छ। घुलोमा पुरिएको यो कृति अवश्य पनि एक दिन ऐनाजस्तो टल्किने छ र पारदर्शी बन्ने छ। भक्ति

शिवाकोटीद्वारा रचित *सारस र सञ्जीवनी* उपन्यास एक प्रयोगवादी, स्वैरकल्पनात्मक र उत्कृष्ट रचना भएका कारण पाठ्यांश प्रयोजनका निमित्त पनि समावेश गर्न सकिने देखिन्छ। यो उपन्यास जटिल किसिमको रहेको र यसमा कला, विज्ञान, दर्शन, इतिहास, राजनीति र नेपाली तथा ग्रीक लोक आख्यानलाई मिश्रण गरी तयार गर्ने क्रममा स्वैरकल्पनात्मक र यथार्थवादी शैलीको प्रचुर मात्रामा उपयोग देखिन्छ। प्रस्तुत उपन्यास अन्य तहका लागि भन्दा स्नातकोत्तर तहमा नै यसलाई पाठ्यांश प्रयोजनका लागि उपयोग गर्नु सान्दर्भिक देखिन्छ। उपन्यासमा प्रयुक्त शब्दहरूको विश्लेषण उपन्यासमा प्रयुक्त बिम्ब र प्रतीकहरूको विश्लेषण वाक्य विश्लेषण, सङ्कथन विश्लेषण, पात्र विश्लेषण आदि रहेका छन्।

**उपयोगिता/सुझाव**

साहित्य कल्पना र यथार्थको समायोजन हो, जहाँ जीवनका विभिन्न पक्षलाई समेटिएको हुन्छ। अङ्ग्रेजी साहित्य अध्ययन पेसामा संलग्न मन पराउने भक्ति शिवाकोटीको दोस्रो औपन्यासिक कृति तयार पार्न सफल भएको देखिन्छ। "पृथ्वीकी इभ" नामक कृति २०६५ सालमा प्रकाशन भइसकेको छ। *सारस र सञ्जीवनी* स्वैरकल्पनामा उडेर स्रष्टा ग्रीकको परिवेश टिपेर आफ्नो अद्भूत कलाको जादुमा पाठकलाई डुबाएर रोमाञ्चित बनाउन सफल भएका छन्। यसमा जीवन छ, मृत्युका भयावह रङ्गहरू छन्। अनि निराशाका बीच पनि आशाका सुनौला भाव भङ्गीका साथै कला, विज्ञान र दर्शन पनि छताछुल्ल भएको छ। शक्ति, सत्ता र षडयन्त्रका परिदृश्यहरू पनि स्पष्ट देख्न सकिन्छ। यो उपन्यास वर्तमान साहित्यको एउटा उत्कृष्ट रचनाको रूपमा उभिन सफल छ र हालका साहित्यप्रेमी र सर्जकहरूका लागि एक प्रेरणाको स्रोतको काम यसले गर्नेछ।

ग्रीक सभ्यताको प्राचीन इतिहा, दर्शन, विज्ञान, आख्यान, साहित्य तथा नेपाली आख्यानलाई मिश्रण गरी साहित्यकार भक्ति शिवाकोटीले *सारस र सञ्जीवनी* उपन्यास तयार गरेका छन्। उपन्यासमा मूल कथाको प्रसङ्गमा अन्य कथाहरू पनि जोडिन आएका छन् जसले गर्दा कथानक जटिल प्रकृतिका देखिन्छ। उपन्यासकारले प्राचीन ग्रीकको सामाजिक परिवेशको कथावस्तु चयन गरी त्यसै समयको समाज, धर्म, इतिहास, दर्शन, राजनीति र कलालाई एकैसाथ प्रस्तुत गरेको देखिन्छ। यस आधारमा उपन्यासकार प्रयोगधर्मी देखिन्छन्। उपन्यासकारले आफू स्वयम् पनि पात्रका रूपमा उपस्थित भएर उपन्यासलाई

अगाडि बढाउने क्रममा मानवीय, मानवेत्तर तथा काल्पनिक र दैवी पात्र समेतको चयन गरी उपन्यास रोचक बनाएका छन् । उपन्यासमा नेपाली समाजका पात्रलाई पृष्ठभूमिमा राखेर प्राचीन 'ग्रिसेली' पात्र सोफोकल्सलई स्वैरकल्पनात्मक ढङ्गले स्थान र समयको दुरीलाई मेटेर वर्तमानमा अवतरण गराउनुलाई उपन्यासकारको चमत्कारपूर्ण कलाकारिता मान्नुपर्ने हुन्छ । उपन्यासमा सोफोकल्स, डायना र डेमोक्रिट्स प्रमुख पात्रको रूपमा देखिन्छन् । तत्कालीन ग्रीकका नारी प्रतीकको रूपमा मेरियम र डायना देखिन्छन् । तत्कालीन ग्रीकमा नारीप्रतिको स्थान र उनीहरूलाई हेर्ने दृष्टिकोण पनि छर्लङ्ग देखिन्छ । पाश्चात्यले मान्ने ईश्वर र पूर्वीयले मान्ने ईश्वरमा तुलना गरेको देखिन्छ । जसमा हाम्रो ईश्वर विवेकी र न्यायिक देखिन्छ भने पाश्चात्य ईश्वर स्वेच्छाचारी र अन्यायी भएकाले पश्चिमीहरू ईश्वरसँग डराएर सधैँ उसको महिना गायन गर्ने कुरा उपन्यासमा देखिन्छ । सत्य, भ्रमात्मक र प्रकृति नै अन्तिम सत्य भ्रमात्मक छ र प्रकृति नै अन्तिम सत्य हो भन्ने कुरा उपन्यासमा प्रस्ट पारिएको छ । जीवन आशावादी हुनुपर्छ तथा प्राकृतिक हरेक घटनाले मानिसलाई बाँच्ने आधार प्रदान गर्दछ भन्ने कुरा उपन्यासमा देखिन्छ । हरेक कार्यको पछाडि कारण रहने र त्यस्ता घटनाले सम्भावनाका ढोकाहरू खुल्ने कुरा उपन्यासमा प्रष्ट देखिन्छ । जीवन गतिशील र कर्मशील हुन्छ भन्ने कुरा उपन्यासमा देखिन्छ । यसरी उपन्यासमा हरेक पक्षहरू सशक्त रहँदारहँदै पनि यस उपन्यासमा नारीवाद सशक्त रहेको देखिँदैन । उपन्यासकी केन्द्रीय चरित्र डायनालाई विवश र पराजित अवस्थामा देखाएर कथानकको अन्त्यसम्म लान नसक्नु यसको उदाहरण हो । डायनालाई पुरुषवादी सोचका विरूद्धमा उतार्न सकेको भए उपन्यास अझ उत्कृष्ट देखिन्थ्यो । त्यस्तै राजशाहीको अन्याय र अत्याचारका विरूद्धमा सोफोकल्स र डेमोक्रिट्सले खरो भएर प्रजातन्त्र र लोकतन्त्रको बुलन्द आवाजसहित जनताको अधिकार खोज्न लड्न सकेको भए उपन्यास अझ उत्कृष्ट हुने देखिन्छ ।

**सम्भाव्यता**

नेपाली साहित्यमा *सारस र सञ्जीवनी* उपन्यास जस्तो उत्कृष्ट रचना दिएर साहित्यकार भक्ति शिाकोटी उत्कृष्ट दर्जाको सर्जकको रूपमा स्थापित हुन सफल देखिएका छन् । यस उपन्यासमा शैलीवैज्ञानिक विश्लेषण बाहेक यसमा प्रयुक्त भाषा सौन्दर्यको अध्ययन, विश्लेषण त्यस्तै आख्यानमा प्रयोग भएका वाक्यको विश्लेषण, त्यसैगरी *सारस र सञ्जीवनी* उपन्यासका प्रयुक्त शब्दहरूको विश्लेषण आदिका विषयमा पनि शोध र अनुसन्धान गर्न सकिने सम्भावना देखिन्छ । त्यस्तै *सारस र सञ्जीवनी* उपन्यासको सङ्कथन तथा विश्लेषण पनि गर्न सकिन्छ ।

यसका सम्भावित शोध शीर्षकहरू निम्नअनुसार हुन सक्छन्:

- *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त शब्दहरूको शैलीवैज्ञानिक विश्लेषण ।
- *सारस र सञ्जीवनी* उपन्यासको सङ्कथन विश्लेषण ।
- *सारस र सञ्जीवनी* उपन्यासमा प्रयुक्त भाषा सौन्दर्यको अध्ययन ।
- *सारस र सञ्जीवनी* उपन्यासभित्रका वाक्यहरूको विश्लेषण

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, गणेश, गौतम वासुदेव र लम्साल रामचन्द्र (२०७०), *प्रयोगात्मक भाषाविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ओली, राधिका (२०७१), *दृष्टि उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा : झापा ।

नेपाल, ऋषिप्रसाद (२०७०) *साहित्यकार भक्ति शिवाकोटीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, मेची बहुमुखी क्याम्पस, भद्रपुर : झापा ।

नेपाल, देवी (२०७२), *माध्यमिक नेपाली व्याकरण र रचना,* काठमाडौं : सुजल अफसेट प्रेस ।

पन्थी, कविता (२०६३), *बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि कीर्तिपुर : काठमाडौ ।

पुडासैनी, वीरेन्द्र (२०६१), *राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

पौडेल, लक्ष्मी (२०६८)*सारस र सञ्जीवनी एक चर्चा* (सुसेली वर्ष ११, अङ्क १०, पृ. १५४-१५९) विराटनगर : गजुरमुखी अफसेट प्रेस ।

बन्धु, चूडामणि, (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५), *अनुसन्धान विधि,* काठमाडौं : दीक्षान्त प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६५) *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०४३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,* काठमाडौं : न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि र शक्तिराज नेपाल (२०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

मैनाली, रेनुका (२०६९), *नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा : झापा ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६६) *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान, काठमाडौं : ने.रा.प्र.प्र.।

शिवाकोटी, भक्ति (२०६८), *सारस र सञ्जीवनी,* काठमाडौं, वनिता प्रकाशन ।

सापकोटा, कृष्णचन्द्र (२०५९), *माइतघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा  शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

# व्यक्तिवृत्त



| | |
|---|---|
| **नाम** | : गीता सुवेदी (नेपाल) |
| **जन्म** | : २०२८।०६।०४ |
| **पिताको नाम** | : बल्लभमणि सुवेदी |
| **माताको नाम** | : सीता सुवेदी |
| **पतिको नाम** | : चिरञ्जिवी नेपाल |
| **स्थायी ठेगाना** | : भद्रपुर-१४, झापा |
| **सम्पर्क नं** | : ९८६३६१४७४१ |
| **नागरिकता** | : नेपाली |
| **धर्म** | : हिन्दू |
| **मातृभाषा** | : नेपाली |
| **वैवाहिक स्थिति** | : विवाहित |
| **शैक्षिक योग्यता** | : एम.एड. |

| क.सं. तह | अध्ययन गरेको संस्था |
|---|---|
| १. प्रवेशिका | श्री अमर मा.वि., बैगुनधुरा, झापा |
| २. आइ.कम. | श्री महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी |
| ३. आइ.ए. | श्री मेची बहुमुखी क्याम्पस, भद्रपुर, मेची |
| ४. स्नातक | श्री वीरेन्द्र नमुना क्याम्पस, भद्रपुर, मेची |
| ५. स्नातकोत्तर | श्री कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा |